का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १७, अंक २९७
❒ २ माघ २०७६, बिहीबार
❒ 16 January 2020, Thursday
www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

# अडानमै देउवा

## सहमतिमै महाधिवेशनको मिति तोकिएको दावी

**बरिष्ठ नेता रामचन्द्र पौडेल र पूर्व महामन्त्री कृष्णप्रसाद सिटौलाले महाधिवेशनको मिति परिवर्तनको माग राख्दै तीव्र असन्तुष्टि जनाइरहेका बेला सभापति शेरबहादुर देउवाले भने अडानबाट बिचलित नहुने बताएका छन् ।**

**बिरेन्द्र साह/मध्यान्ह**
काठमाडौं, १ माघ



पार्टीभित्र विवाद जारी रहेपनि नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले असन्तुष्टहरुसँग सहमति भइसकेको खुलासा गरेका छन् । सभापति देउवाले वरिष्ठ नेता रामचन्द्र पौडेल र कृष्ण सिटौला समूहसँग सहमति भइसकेको खुलासा विराटनगर पुगेर गरेका छन् । बुधबार विराटनगर विमानस्थलमा सञ्चारकर्मीहरुसँग कुराकानी गर्दै सभापति देउवाले भने, 'तोकिएकै मितिमा पार्टीको महाधिवेशन हुन्छ। पौडेल र सिटौला जीहरुसँग सहमति भइसकेको छ।'

कांग्रेस केन्द्रीय कार्यसमितिको पुस ११ गते बसेको बैठकले नेता पौडेल र सिटौला समूहको बहिष्कारबीच ०७७ फागुन ७-१० गते १४ औं महाधिवेशन गर्ने निर्णय बहुमतले भएको थियो। गत आइतबारमात्रै देउवाले नेता पौडेल र पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौलालाई भेटी केन्द्रीय समितले बहुमतबाट गरेका निर्णय सच्याउन आफू तयार रहेको बताएका थिए। तर, बुधबार सभापति देउवाले तोकिएकै मितिमा महाधिवेशन हुने अडान दोहर्‍याएका छन् ।

यसैबीच, प्रनितिधिसभामा सभामुख चयन प्रक्रिया सुरु नगरिए संसद चल्न नदिने चेतावनी देउवाले दिएका छन् । देउवाले सत्तारुढ नेकपालाई सभामुख चयन गर्न समस्या भए आफ्नो पार्टी सभामुखका लागि तयार रहेको समेत बताएका छन् । उनले नेकपाभित्रको विवादले संसदलाई बन्धक बनाउन नपाइने भन्दै सभामुखमा सहमति जुटाउन नसक्ने भए आफूहरुलाई दिन आग्रह गरेका छन् ।

सभापति देउवाले भने,'नेकपाभित्रको विवादले सभामुख चयन प्रक्रिया अवरुद्ध भएको छ, उहाँहरु मिल्दै, मिल्दैन भने हामी चलाइदिन्छौं सभामुख, तरसंसदलाई बन्धक बनाउन मिल्दैन ।' उनले चाँडै सभामुखको उम्मेदवार चयन गरी संसद सञ्चालनको वातावरण बनाउन नेकपालाई आग्रहसमेत गरे ।

देउवाले सत्तापक्षाका नेताहरुबीचनै विवाद कायम रहेको अमेरिकी मिलेनियम च्यालेन्ज कर्पोरेसनलाई चाँडै संसदबाट अनुमोदन गर्नुपर्ने बताएका छन् । उनले भने, 'हाम्रो पार्टीले एमसीसी अनुमोदन गर्ने भनेर पास गरिसकेको छ। नेपालको विकासमा अमेरिकाले ग्राहायता दिएको छ । यसलाई अनुमोदन गरेर जानुपर्छ।'

पौडेलको भटवार्ता

स्वास्थ्य उपचारका लागि भारतको नयाँ दिल्लीमा रहेका कांग्रेस वरिष्ठ नेता रामचन्द्र पौडेल र भारतका रक्षामन्त्री राजनाथ सिंहबीच भेटवार्ता बाँकी पृष्ठ २ मा

## विदेशस्थित नियोगहरुले डिमाण्ड अपलोड गर्न छाडे


# विभागका महानिर्देशक परराष्ट्र धाउँदै

**मध्यान्ह संवाददाता**
काठमाडौं, १ माघ

वैदेशिक रोजगार विभागले सूचना व्यवस्थापन प्रणाली (एफइआइएमएस) मार्फत श्रम स्वीकृति दिन शुरु गरेको प्रक्रियामा विदेशस्थित नेपाली नियोगहरुले जनशक्तिको अभाव देखाएर ढिलासुस्ती गरेका छन् ।

विभागले उक्त प्रणालीको औपचारिक रुपमा कार्यान्वयन शुरु गरेको दिन गत पुस १६ गते अर्थात अंग्रेजी नयाँ वर्ष २०२० को जनवरी १ तारिखका दिन मलेसिया, यूएई, कुवेत, कतार र साउदी अरबस्थित नेपाली दूतावासले डिमाण्ड प्रमाणीकरण गरेको मागपत्रको फाईल विभागले ह्याण्डिल गर्ने सूचना प्रणालीमा राख्न सुरु भएको बताएको थियो । तर, त्यसको दुईहप्तापछि ती सवै दूतावासले तालिम प्राप्त जनशक्तिको अभाव देखाएर पुरानै प्रणालीबाट काम गर्न उपयुक्त हुने भन्दै सुचना प्रणालीमा डिमाण्ड अपलोड गर्न छोडेको वैदेशिक रोजगार व्यवसायीहरुको भनाइ छ।

अनलाइन प्रणालीमा डिमाण्ड आउन ढिला भएपछि नेपाल वैदेशिक रोजगार व्यवसायी संघका सचिव मेघनाथ भूर्तेलले



बुधबार खाडीसिथत सबै नेपाली नियोगहरुमा टेलिफोन गरी बुझेको र सबै दूतावासहरुले डिमाण्ड अपलोड गर्ने प्राविधिक जनशक्ति नरहेका कारण तत्कालका लागि अनलाइन प्रणालीमा मागपत्र अपलोड गर्न नसक्ने एकै प्रकृतिको जवाफ दिएको बताए। उनले भने, 'दुतावासहरुमा कुराकानी भएपछि हामीले विभागका महानिर्देशक ज्यूलाई जानकारी गराएका छौं ।'

विभागले २०७५ असोज १५ गतेदखि वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणालीको शुरुवात गरेको भएपनि गत जनवरी १ तारिखदेखि सबै तयारी पूरा भएको भन्दै मागपत्र, करारपत्र लगायतका कागजी प्रक्रियालाई सरलीकृत गर्ने र श्रम स्वीकृतिको प्रक्रियामा सकेसम्म अनलाइन प्रणालीबाटै पूरा गर्ने बताएको थियो। विभागले ह्याण्डिल गरेको सूचना प्रणालीमा वैदेशिक रोजगारीमा जाने कामदार, विदेशस्थित नेपाली कूटनीतिक नियोग, बीमा कम्पनीहरु, राहदानी विभाग, अध्यागमन विभाग, वैदेशिक रोजगार बोर्ड, बैंक, कन्सुलर सेवा विभाग, वैदेशिक रोजगार व्यवसायी संघ, तालिम प्रदायक संस्था, मेडिकल तथा श्रम रोजगार कार्यालय गरी एक दर्जन बढी संस्था आबद्ध छन् ।

विभागले शुरुमै बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

### समुद्रमा माछा मार्न जाँदा दुई नेपालीको मृत्यु

**काठमाडौं/मस–** पोर्चुगलमा समुद्री छालले बगाएर दुई नेपालीको मृत्यु भएको छ । पुर्चुगलमा रहेका धादिङ घर भएका श्याम वाइवा तामाङ र कमल वाइवा तामाङ समुद्री किनारमा माछा मार्न जाँदा छालले बगाएर मृत्यु भएको बताइएको छ ।

उनीहरु पोर्चुगलको कास्काइसको बोका डो इन्फर्नो क्षेत्रमा माछा मार्न गएको तर पर्याप्त सावधानी अपनाउन नसक्दा दुवै दाजुभाइलाई समुन्द्री छालले तानेर बेपत्ता बनाएको हो । उनीहरुको अन्त्येष्टि पोर्चुगलमै गर्ने वा नेपाल पठाउने भन्ने निर्णय भई नसकेको तामाङ समाज पोर्चुगलले बताएको छ। नौ महिनाअघि पोर्चुगल पुगेका उनीहरुले रेस्टुरेन्ट व्यवसाय सञ्चालन गर्दै आएको समाजकी अध्यक्ष सुनिता ब्लोन तामाङले बताएकी छन् । बाँकी पृष्ठ २ मा

# सेनामा सम्पत्ति विवरण सार्वजनिक

**मध्यान्ह संवाददाता**
काठमाडौं, १ माघ

नेपाली सेनामा सम्पत्ति विवरण सार्वजनिक गर्ने क्रम सुरु भएको छ । नेपाली सेनाका रथी गौरव ताण्डुलले आफ्नो सम्पत्ति विवरण सार्वजनिक गरेका छन् ।

उनी नेपाली सेनाको दोश्रो वरियताका रथी हुन्। नेपाली सेनामा दुई जना मात्रै रथी हुन्छन् । यसअघि प्रधानसेनापति पुर्णचन्द्र थापाले गत भदौ २३ गते आफ्नो सम्पत्ति विवरण सार्वजनिक गरेका थिए ।

ताण्डुलले सार्वजनिक गरेको विवरण अनुसार श्रीमती मुनादेवी उप्रेती ताण्डुलको नाममा धापासीमा २० आना १ पैसा जग्गामा साढे २ तले घर छ। त्यस्तै भरतपुरमा १० धुर जग्गा र १ तले घर छ भने झापामा उनकी श्रीमती मुनादेवीको नाममा ५ विघा जग्गा छ। उनले सार्वजनिक गरेको सम्पत्ति विवरण अनुसार काठमाडौं महानगरपालिका वडा नं ३९ मा ६३.५८ बर्ग मिटर र पोखरमा ९ आना ३ पैसा जग्गा छ ।



बलाध्यक्ष रथी ताण्डुलसँग ३५ तोला सुन, ९ केजी चाँदी र केही मात्रामा हिरा-मोति रुवि र निलम रहेको उनले सार्वजनिक गरेको सम्पत्ति विवरणमा उल्लेख छ। विभिन्न वाणिज्य बैंकमा उनको नाममा ७७ लाख ३५ हजार रुपैयाँ छ । सैनिक कल्याणकारी कोषबाट ३ लाख ५० हजार रुपैयाँ ऋण लिएका बाँकी पृष्ठ २ मा

# पाँच हजार जना पीडित

**मध्यान्ह सम्वाददाता**
काठमाडौं, १ माघ

प्रदेश नम्बर २ को सर्लाहीका दुई जना मिटर व्याजीसँग करिब ५ हजार जना पीडित भएको प्रहरीको प्रारम्भीक अनुसन्धानले देखाएको छ। ती मिटर व्याजीबाट पीडितहरुले जाहेरी दिन थालेको सर्लाही प्रहरीले जनाएको छ। संघीय गृह मन्त्रालयमा छलफलपछि घर फर्केका पीडितहरु ५ दिनपछि जाहेरी दिन थालेको प्रहरी उपरिक्षक विश्वमणि पोखरेल जनाए ।

रामबाबु राय र संजय साह रौनियारबाट नै अधिकांश सर्वसाधारणहरु पीडित भएकाले उनीहरुमाथि अनुसन्धान सुरु भइसकेको पोखरेलले जनाए ।



प्रमाण अभाव र जोहरी नभएकै कारण कारबाहीमा समस्या भएको बताउदै पोखरेलले जाहेरीका आधारमा अनुसन्धान भइरहेको जनाए । पोखरेलले राम बाबु राय पक्राउ परिसकेको जानकारी दिँदै तिनको विषयमा थप अनुसन्धान भइरहेको बताए । उनले फरार रहेका अर्का साहु संजय साह रौनियारको भने खोज तलास जारी रहेको पनि जानकारी दिए ।

यता प्रदेश २ का मुख्यन्यायधिवक्ता दिपेन्द्र झाले जाहेरी लेख्न र नि:शुल्क मुद्दा लड्न, बहस गर्न, प्रतिवादी रक्षा गर्न भन्दै एक जना वकिललाई खटाइएको बताएका छन् । पीडितले सहज रुपले न्याय पाउन् बाँकी पृष्ठ २ मा

## ह्युमन राइट वाच

# अभिव्यक्ति स्वतन्त्रता खतरामा

**मध्यान्ह संवाददाता**
काठमाडौं, १ माघ

नेपालमा अभिव्यक्ति स्वतन्त्रता खतरामा पर्नुकासाथै मानव अधिकारको अवस्था पनि नाजुक रहेको एक अन्तर्राष्ट्रिय प्रतिवेदनले देखाएको छ। ह्युमन राइट वाचको वल्ड रिपोर्ट २०२० ले नेपाल सरकारले अभिव्यक्ति स्वतन्त्रतामा अंकुश लगाएको देखाएको छ। प्रतिवेदनमा पत्रकारविरुद्ध तथा अभिव्यक्ति स्वतन्त्रतामाथि प्रहार भइरहेको र आलोचनात्मक अभिव्यक्ति दिनेलाई सरकार समर्थित दलका समर्थकहरुले प्रहार गर्ने गरेको उल्लेख गरिएको छ ।

विद्युतीय कारोबार ऐन लगाएर प्रहरीले पत्रकार, ब्लगर, र्‍यापर, कमेडियन र फिल्म निर्माताहरुलाई पक्राउ गर्ने गरेकोले नेपालीहरुको मौलिक अधिकार कुन्ठित भएको प्रतिवेदनमा जनाइएको छ। सरकारले संसदमा ल्याएका विधेयकहरुले अभिव्यक्ति स्वतन्त्रतामाथि गम्भीर प्रहार भइरहेको उल्लेख छ । मिडिया काउन्सिल विधेयकमार्फत् राज्यले मिडियामाथि नियन्त्रण गर्न खोजेको ह्युमन राइट वाचले जनाएको छ । सूचना प्रविधि विधेयक विद्युतीय कारोबार ऐनभन्दा पनि खतरनाक रहेको जनाउँदै प्रतिवेदनमा यसले अनलाइन माध्यमबाट दिने अभिव्यक्तिलाई नियन्त्रण गर्नेतर्फ सचेत गराइएको छ । उक्त विधेयकमा व्यवस्था गरिएको दण्ड जरिवानाको व्यवस्था उपयुक्त नभएको पनि जनाइएको छ ।

**अल्पसंख्यकलाई यातना**

नेपालमा पछिल्लो एक वर्षमा अल्पसंख्यक समुदायले बढी यातना खेप्नुपरेको उक्त प्रतिवेदनमा देखाइएको छ । नेपालका जातीय तथा सामुदायिक अल्पसंख्यक दुर्व्यवहारको सिकार भएको र सबैभन्दा बढी खोजिममा रहेको प्रतिवेदनमा उल्लेख गरिएको छ । तिनीहरुमाथि प्रहरीले बल प्रयोग गर्ने गरेको र हिरासतमा यातना दिने गरेको रिपोर्टमा दाबी गरिएको छ। अल्पसंख्यकमाथि बाँकी पृष्ठ २ मा



# '१७ हजार होइन ५ हजार मरेको जिम्मा लिन्छु'



**काठमाडौं/मस–** नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले आफूलाई १७ हजार मानिस मारेको भनेर लगाइएको आरोप झूट रहेको बताएका छन्। बुधबार काठमाडौँको टुँडिखेलमा थारु संवत २६४३ तथा माघी महोत्सवलाई सम्बोधन गर्दै अध्यक्ष प्रचण्डले आफूमाथि बारम्बार लाग्दै आएको आरोपमा कुनै सत्यता नरहेको समेत बताए। हिजोको सामन्ती राज्यसत्ताले १२ हजार मान्छे मारेको भन्दै अध्यक्ष प्रचण्डले द्वन्द्वका क्रममा ५ हजार मानिस मरेकोमा भने आफू जिम्मा लिन तयार रहेको बताए।

'धेरै साथीहरुले बाहिर पनि भन्ने गर्नुहुन्छ, म तथ्यांक मात्रै सच्याउन चाहन्छु। मैले १७ हजार मानिस मारेर आएको भनेर भन्छन्। साथीहरु यो सत्य होइन्। सत्य के हो भने, हिजोको सामन्ति राजाहरुले १२ हजार मारेका हुन्। मलाई ५ हजारको जिम्मा दिनुहुन्छ भने म लिन्छु। तर राजाहरुले मारेको १२ हजारको चाँही कुरा नहुने ? राज्यले मारेको पनि मेरै टाउकोमा हाल्ने गरियो भने यो न्याय हुँदैन,' प्रचण्डले भने, 'मैले सधैं भन्ने गरेको छु, युद्धको जिम्मा म लिन्छु। त्यहाँ भएका राम्रा नराम्रा कामहरुको म जिम्मेवार छु। त्यसबाट कहिँ कतै भाग्ने कुरा हुनै सक्दैन, तर नगरको कामको पनि दोष मैलाई थुपार्नु भएन।'

अध्यक्ष प्रचण्डले रेशम चौधरी छिट्टै छुट्ने दाबी गरे। झूटा मुद्दा लगाएकाहरुलाई छुटाउन आफ्नो प्रयास जारी रहेको भन्दै रेशम चौधरीलाई छुटाएरै छाड्ने उनले बताए। प्रचण्डले टीकापुर घटना, रेशम चौधरी वा थारु समूदायका समस्याबारे आफू जानकार रहेको भन्दै अझैपनि त्यसका लागि सहयोग जारी रहने जिकिर गरे।

उनले भने, 'सभामुख, सरकार र पार्टीलाई भनेर कम्तिमा रेशमलाई सपथ गराउनुपर्छ र उनलाई माननीयको दर्जा दिलाउनुपर्छ भनेर भूमिका खेल्ने पनि म हुँ भन्ने नबिर्सनुहोला।' अहिले पनि सरकारसँग र पार्टीमा टीकापुर घटनाका झुटा मुद्दा खारेज गर्नुपर्छ भनेर बहस गरिरहेको उनले बताए। प्रचण्डले भने, 'केही साथीहरु छुटेका छन्। रेशमलागायका साथीहरु छुट्न बाँकी छन्। छुटाइन्छ, हेर्नुहोला केही समयभित्र परिणम निस्किन्छ।'

समस्याहरु समाधान गर्न अझैपनि संवाद र शान्तिपूर्ण आन्दोलनको बाटोबाट अघि बढ्न जरुरी रहेको प्रचण्डले बताए। पहिचान र अधिकारका निम्ति फेरि पनि बहस भइरहेको भन्दै उनले नयाँ चिज लिन खोज्दा पोल्टामा भएको नखसोस् भन्नेतर्फ सचेत हुनुपर्ने धारणा राखे।

थारु समुदायले बुधबार काठमाडौँको टुँडिखेलमा माघी महोत्सव मनाएका हुन्। विभिन्न साँस्कृतिक झाँकीहरुसहित परम्परागत पहिरनमा सजिएका थारु समुदायका युवा युवतीहरु माघी महोत्सवमा सहभागी भएका थिए। थारु समुदायले माघ १ गतेलाई नयाँ वर्षको रुपमा मनाउँछन्। पश्चिम नेपालका दाङ, बाँके, बर्दिया, कैलाली कञ्चनपुर लगायत थारु बाहुल्य जिल्लामा माघी मिलन तथा माघ महोत्सवको आयोजना गरी उक्त पर्व धुमधामसँग मनाउने गरिन्छ।

# नेपाल छिरेका ९ जना भारतीय सुरक्षाकर्मी नियन्त्रणमा



**कैलाली/मस–** बिना सूचना नेपाली भूभागमा घुम्दै गरेका ९ जना भारतीय सुरक्षाकर्मीलाई नेपाल प्रहरीले नियन्त्रणमा लिएको छ। नेपालगञ्जसँगैको रुपैडिहा नाकाबाट नेपाल प्रवेश गरेर कैलालीको चिसापानी-अछाम सडकखण्डमा पर्ने लम्कीचुहा नगरपालिका-७ पितमारीमा पुगेका उनीहरूलाई नेपाल प्रहरीले नियन्त्रणमा लिएको हो। इलाका प्रहरी कार्यालय चिसापानीको टोलीले यूपी३२डीजेड४३५४ नम्बरको गाडीसहित नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ।

नेपालगञ्जबाट करिब ९० किलोमिटर पश्चिम पुग्दा उनीहरूले बर्दिया राष्ट्रिय निकुञ्ज सुरक्षार्थ तैनाथ नेपाली सेनाका चार वटा चेकपोस्ट पार गरेका थिए। सोधपुछका क्रममा उनीहरूले चिसापानी पुल हेर्न आएको बताएको कैलाली प्रहरीका प्रवक्ता डीएसपी दक्षकुमार बस्नेतले जानकारी दिए। प्रहरीले चेकजाँच गर्दा उनीहरूसँग हतियार भने फेला नपरेको डीएसपी बस्नेतले बताए। अहिले उनीहरू प्रहरी नियन्त्रणमै छन्।

भारतीय सुरक्षाकर्मीका जिम्मेवार अधिकारीलाई बोलाएर उनीहरूलाई जिम्मा लगाइने प्रहरीले जनाएको छ। यसअघि पनि खुला सिमाको फाइदा उठाउँदै भारतीय सुरक्षाकर्मीहरू बेला बेला नेपालका विभन्न भूभागमा पुग्ने गरेका थिए। यसअघि गत असारमा मात्रै हतियारसहित अछाम पुगेको भारतीय सुरक्षाकर्मीको टोलीलाई अछाम प्रहरीले नियन्त्रणमा लिएको थियो।

भारतको छतिसगढ प्रहरीका तीन जना अधिकारी अछामका १९ वर्षीय केशव सोनी र भारत छत्तिसगढ कोबार जिल्लाकी १५ बर्षीया किशोरीलाई नियन्त्रणमा लिन त्यहाँ पुगेको थियो।

# हिस्टुनले सरकारसामू अघि सार्‍यो १२ बुँदे माग



**काठमाडौं/मस–** माध्यमिक विद्यालय शिक्षक युनियन नेपाल (हिस्टुन)ले सरकारले ल्याउन लागेको संघीय शिक्षा ऐनमा आफूहरुले अघि सारेका माग तथा सुझाव समेट्न आग्रह गरेको छ। देशभरका साधारण दरबन्दी र अनुदानमा कार्यरत ६ हजार शिक्षकहरुले नियुक्ति पाई सेवारत रहेको विद्यालयमा राज्यले उनीहरुको नाममा निकासा गरेको तलब भत्तासमेत प्रधानाध्यापक र व्यवस्थापन समितिका अध्यक्षको मिलेमतोमा सम्बन्धित शिक्षकहरुलाई धेरै ठाउँमा पूरा रकम नदिएको युनियनको गुनासो छ। शिक्षकहरुले पाउनुपर्ने तलब भत्ता यथाशीघ्र सरकारले दिने व्यवस्था नमिलाए अख्तियार दुरुपयोग अनुशन्धान आयोगमा जान बाध्य हुने पनि हिस्टुनले चेतावनी दिएको छ।

गत पुष २५-२७ गतेसम्म काठमाडौंको बुद्धनगरमा सम्पन्न भएको पहिलो एकता महाधिवेशनले गरेका निर्णय सार्वजनिक गर्न बुधबार रिपोर्टर्स क्लब नेपालमा पत्रकार सम्मेलन गर्दै हिस्टुनले विभिन्न १२ बुँदे माग समेत अघि सारेको छ। उसले अघि सारेका मागमा साविक उमावि तहको स्वीकृत दरवन्दीको शिक्षक पदलाई यस ऐन लागू हुँदाका वखतसम्म अविछिन्नरुपमा कार्यरत शिक्षकलाई मावि द्वितीय श्रेणीमा एक पटकका लागि उमेरको हद नलाग्ने गरी शिक्षक सेवा आयोगले विशेष आन्तरिक प्रतियोगिताबाट स्थायी पदपूर्ति गरिनुपर्ने उल्लेख छ।

त्यस्तै, साविकको उमावि तह अनुदान कोटाका शिक्षक पदलाई स्वीकृत दरवन्दीमा परिणत गरी बुँदा नं.१ बमोजिम आन्तरिक प्रतियोगिताबाट स्थायी पदपूर्ति गरिनुपर्ने, साविकको उमाविमा कार्यरत शिक्षकहरुले स्थायी पदका लागि खुलाइएको विज्ञापनमा दर्खास्त नदिएका वा दिएर पनि स्थायी पदमा आयोगबाट नियुक्तिका लागि सिफारिश हुन नसकेमा त्यस्ता शिक्षकलाई स्थायी पदपूर्ति नभए सम्म सेवाबाट बर्खास्त नगरी विद्यालयको नियुक्तिका आधारमा तोकिए बमोजिमको सुविधाको व्यवस्था गर्नु पर्ने लगायतका माग रहेका छन्।

पत्रकार सम्मेलनमा बोल्दै हिस्टुनका अध्यक्ष दिपकराज सुवेदीले युनियनले जारी गरेको प्रेस विज्ञप्ति वाचन गरेका थिए। उनले देशभरका साधारण दरबन्दी र अनुदानमा कार्यरत ६ हजार शिक्षकहरुले आफूले नियुक्ति पाई सेवारत रहेको विद्यालयमा राज्यले उनीहरुको नाममा निकासा गरेको तलब भत्ता समेत प्रधानाध्यापक र व्यवस्थापन समितिका अध्यक्षको मिलेमतोमा सम्बन्धित शिक्षकहरुलाई धेरै ठाउँमा पूरा रकम नदिएको गुनासो पोखे। उनले भने, 'उहाँहरु (शिक्षकहरु) ले पाउनुपर्ने तलब भक्ता यथाशीघ्र सरकारले दिने व्यवस्था मिलाउनुपर्छ। अन्यथा हाम्रो संगठन अख्तियार दुरुपयोग अनुशन्धान आयोगमा जान बाध्य हुनेछ।'

## घलेका हत्यारा भएको आशंकामा दुई पक्राउ

**इलाम/मस–** गत आइतबार मृतावस्थामा फेला परेका एक युवकलाई हत्या गरेको आरोपमा प्रहरीले दुई जनालाई पक्राउ गरेको छ। इलामको सूर्योदय नगरपालिका-७ गोगनेका २९ वर्षीय विमल घलेको हत्यामा संलग्न भएको आरोपमा प्रहरीले भारत दार्जिलिङ विजनबारी घर भएका २९ वर्षीय विजय घले र स्थानीय २८ वर्षीय समुन घलेलाई पक्राउ गरेको हो।

पक्राउ परेका दुवै मृतक घलेसँगै रहेको खुलेपछि हत्या गरेको आशंकामा पक्राउ गरेको जनाइएको छ। आइतबार राति १० बजे मादकपदार्थ सेवन गरी झगडा हुँदा ढुंगा प्रहार गरेर हत्या गरेको आरोपमा पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय इलामका प्रहरी नायब उपरीक्षक हेमन्त भण्डारी क्षेत्रीले जानकारी दिए।

सोमबार बिहान नजिकैको खोल्सीमा विमललाई मृतावस्थामा स्थानीयवासीले फेला पारेका थिए। घटनास्थल वरिपरि रगत चुहिएको र मृतकको शरीरमा ढुंगा प्रहार भएजस्तो गहिरो चोटपटक र नीलडाम देखिएको थियो। शव परीक्षण गरी मंगलबार परिवारलाई जिम्मा लगाइएको छ।

## प्रहरीको गाडी दुर्घटना, एकको मृत्यु, २९ घाइते

**तनहा/मस–** तनहुँको देवघाट गाउँपालिका-५ कालीमाटीमा प्रहरीको गाडी दुर्घटनामा परेको छ। दुर्घटनामा एकको मृत्यु भएको छ भने २९ जना घाइते भएका छन्। मृत्यु हुनेमा प्रहरी जवान सन्दीप केसी रहेका छन्।

चितवन, तनहुँ र नवलपुरको संगमस्थल देवघाटमा लागेको मकर मेलाको सुरक्षाका लागि आएको पोखरा गणको बा१ग २११८ नम्बरको टुटन गाडी फर्कने क्रममा चितवनको दासढुंगा पुलपारि घुम्तीमा दुर्घटनामा परेको हो। घाइतेहरुको अहिले पुरानो मेडिकल कलेज र चितवन मेडिकल कलेज भरतपुरमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय तनहुँका प्रहरी नायब उपरीक्षक लीलाराज लामिछानेले जानकारी दिए।

गाडीमा ३४ प्रहरी सवार रहेको उनले बताए। दुर्घटनामा अन्य केही प्रहरी गम्भीर घाइते भएको स्थानीयवासी पञ्चबहादुर गुरुङले जानकारी दिए।

# चोरीपैठारीको सामान बरामद



**काठमाडौं/मस–** सप्तरी जिल्लाको हनुमाननगर कंकालिनी नगरपालिका १ स्थित कोशी व्यारेजबाट एपीएफ टोलीले करिब दुई लाख आठ हजार रुपैयाँ बराबरको चोरीपैठारीको लत्ताकपडा बरामद गरेको छ। ना १ ख ८७६३ नम्बरको यात्रुवाहक बसमा अवैध रुपले लैजाँदै गरेको अवस्थामा बुधबार उक्त लत्ताकपडा सशस्त्र प्रहरी बल, नेपाल सुरक्षा वेस भारदहबाट खटिएको एपीएफ टोलीले बरामद गरेको हो।

यसैगरी पर्सा जिल्लाको बीरगंज महानगरपालिका १६ स्थित बाईपास रोडबाट एपीएफ टोलीले बुधबार नै करिब एक लाख ५० हजार रुपैयाँ बराबरको चोरीपैठारीको सामान बरामद गरेको छ। भारतबाट अवैध रुपले नेपालतर्फ ल्याउँदै गरेको लत्ताकपडा तथा ईलोक्ट्रोनिक्स सामान सशस्त्र प्रहरी बल, नेपाल नम्बर १४ गुल्म हेक्वा पर्साबाट खटिएको एपीएफ टोलीले बरामद गरेको छ।

यसैगरी धनुषा जिल्लाको जनकनन्दनी गाउँपालिका ५ स्थित कठालबाट एपीएफ टोलीले करिब एक लाख ३७ हजार रुपैयाँ बराबरको चोरीपैठारीको लत्ताकपडा बरामद गरेको छ। भारतबाट अवैध रुपले नेपालतर्फ ल्याउँदै गरेको उक्त लत्ताकपडा सशस्त्र प्रहरी बल, नेपाल बोर्डर आउट पोष्ट खजुरीबाट खटिएको एपीएफ टोलीले बरामद गरेको हो। बरामद सामान एपीएफ टोलीले भन्सार कार्यालय जनकपुरमा बुझाएको छ।

यसैगरी सशस्त्र प्रहरी बल, नेपाल नम्बर ११ गण हेक्वा रौतहटबाट खटिएको एपीएफ टोलीले करिब एक लाख २२ हजार रुपैयाँ बराबरको चोरीपैठारीको सामान बरामद गरेको छ। भारतबाट अवैध रुपले भन्सार छली नेपालतर्फ ल्याउँदै गरेको किराना सामान तथा १२ थान मोवाईल सेट एपीएफ टोलीले रौतहट जिल्लाको गरुडा नगरपालिका ५ स्थित शिवनगरबाट बरामद गरेको हो। बरामद सामान एपीएफ टोलीले भन्सार कार्यालय गौरमा बुझाएको छ।

## सेनामा...

ताण्डुलले १ लाख ६८ हजार रुपैयाँ तिरेको उल्लेख गरेका छन्। होण्डा साइनको मोटरसाइकल रहेको समेत उनले सम्पत्ति विवरणमा उल्लेख गरेका छन्। उनले पुर्ख्यौली सम्पत्ति, श्रीमतीले ल्याएको दाइजो र केही आफ्नो कमाइबाट जोडेको सम्पत्ति विवरणमा उल्लेख गरेका छन्।

## पाँच...

भनेर आफूले निर्देशनसमेत दिएको झाले बताए।

**पीडितको कहर**

सर्लाही बागमती नगरपालिका ७ का छविलाल साहले २०६४ सालमा सावाँ ४ लाख ऋण लिँदा १६ कठ्ठा जग्गा साहुकै नाममा दृष्टिबन्धक गरेका थिए। साढे ८ लाख रुपैयाँ पनि तिरे। आफू पिडीत भएको गुनासो सहित काठमाडौं आएका साहले प्रहरीमा जोहरी दिनका लागि प्रमाण जुटाई रहेका छन्। साह भन्छन्, 'बहिनीलाई पनि रामबाबु रायसँग नै जग्गा दृष्टिबन्धक राखेर ऋण दिलाएँ। त्योपनि डुब्यो। अब के गर्ने कहाँ जाने ठेगान छैन। बल्ल जाहेरी दिनका लागि वकिल पाइयो। जाहेरी दिने तयारी हुँदैछ।'

साहुकारबाट ऋण लिंदा चर्को मिटर ब्याजबाट ठगिएका शान्तिदेवी सहितका पीडितहरू २२ पुसमा न्यायका लागि सर्लाहीबाट काठमाडौं आएका थिए। सरकारले कारवाहीको आश्वासन दिएपछि घर फर्किएका छन्। काठमाडौंबाट फर्कनासाथ जाहेरीका लागि जिल्लामा वकिल खोज्दै दिन बित्थ्यो। कसैलेपनि जाहेरी लेख्न मानेन्। तर, ५ दिनपछि बल्ल बल्ल वकिल जोहरी लेख्न तयार भएका छन्। दिनमा ५-६ जनाको जाहेरी लेख्ने काम भइरहेको छ।

आफू ठगीमा परेको गुनासो लिएर काठमाडौं आएका पीडितलाई न्याय दिलाउन गृह मन्त्रालयले आश्वासन दिएपछि घर फर्किएका थिए। वर्षौंसम्म जाहेरी लिन नमानेको प्रहरी उजुरी लिन तयार भएपछि अहिले उनीहरुको अनुहारमा थोरै भएपनि चमक देखिएको छ। तीनै साहुबाट पीडित मध्येका एक लिला पण्डितले प्रहरीले मागेको कागजहरु सबै दिइसकेको र अब कारबाही हुन्छ की भन्ने आशा लागेको सुनाए। पण्डितले भने, 'छोरा झुठो बलात्कार मुद्दामा जेलमा छ। साहुले बयान दियो भने छुट्छ की भन्ने आशा छ। कागज सबै वकिललाई दिइ सकेको छु।'

सर्लाही बरहथवाका निरगुन रायले पनि तीनै साहुसँग २ लाख ऋण लिए। ३४ विगाहा जग्गापनि दृष्टिबन्धक राखे। त्यसमा साहुले १६ कठ्ठा जग्गा बेच्यो तर, पैसा भने रायलाई दिएन। प्रहरी कार्यालय सर्लाहीले अनुसन्धानको काम सुरु गरिसकेको छ। प्रहरी उपरिक्षक पोखरेलका अनुसार ठगी मुद्दामा कारवाही चलाउने तयारी छ।

## ह्युमन....

हुने यौन हिंसा तथा विभेद विरुद्धका निवेदन दर्ता नहुने गरेको पनि प्रतिवेदनमा जनाइएको छ। भूकम्प, बाढी आदिबाट पीडित अल्पसंख्यकले पर्याप्त राहत नपाएको र अहिले पनि उनीहरुको घर निर्माण हुन नसकेको प्रतिवेदनमा उल्लेख छ।

अल्पसंख्यकलाई सार्वजनिक सेवामा प्रवेश हुनबाट रोक्ने प्रयास भइरहेको र आरक्षित कोटा पनि घटाउने प्रयास भइरहेको ह्युमन राइट वाचले जनाएको छ। यसैगरी सन् २०१५ मा मधेश-थरुहट आन्दोलनका क्रममा भएको हिंसाको छानबिननका लागि सर्वोच्च अदालतका पूर्वन्यायाधीश गिरिशचन्द्र लालको नेतृत्वमा आयोग गठन गरिएको थियो। उक्त आयोगले बुझाएको प्रतिवेदन सार्वजनिक गर्न सरकार यो वर्ष पनि असफल भएको जनाइएको छ। अल्पसंख्यक महिला तथा युवतीहरुको सुरक्षामा सरकार असफल रहेको जनाउँदै यौन हिंसाका घटनामा तिनीहरुले कानुनी उपचार पाउन नसकेको प्रतिवेदनमा उल्लेख गरिएको छ। महोत्तरीमा १५ वर्षीय दलित युवतीको बलात्कारपछि भएको हत्याको घटनामा पीडितलाई राज्यबाट नै दुर्व्यवहार भएको प्रतिवेदनमा जनाइएको छ।

नेपालको संविधानले दिएको अधिकारअनुसार अंगीकृतका सन्तानलाई नागरिकताबाट वञ्चित गरिएको विषय पनि रिपोर्टमा ह्युमन राइट वाचले उठाएको छ। सन् १९९६ देखि २००६ सम्मको द्वन्द्वमा सामेल व्यक्तिहरु नै अहिले सरकारमा रहेको तर पनि द्वन्द्वका मुद्दा समाधान गर्न नसकेको रिपोर्टमा जनाइएको छ।

## अडानमै ...

भएको छ। भारतीय जनता पार्टीका पूर्वअध्यक्षसमेत रहेका सिंहसँग पौडेलले बुधबार नयाँ दिल्लीमा भेट गरेको पौडेलको सचिवालयले जनाएको छ। भेटमा नेपाल र भारतबीचको सम्बन्ध र वर्तमान राजनीतिक अवस्थाबारे छलफल भएको पौडेलले आफ्नो सामाजिक सञ्जाल फेसबुकमा उल्लेख गरेका छन्। दुई नेताबीच नेपालको पछिल्लो राजनीतिक अवस्था तथा विश्व राजनीतिका बारेमा छलफल भएको बताइएको छ।

## विदेशस्थित...

विदेशस्थित नियोग र नेपालका बीमा कम्पनीबाट पर्याप्त सहयोग नहुने हो कि भन्ने आशंका गरेको थियो। कार्यान्वयनका क्रममा त्यस्तै अवस्था उत्पन भएपछि विभागका महानिर्देशक डा. भीष्मकुमार भूसालले बुधबार दिनभर परराष्ट्र मन्त्रालयमा समस्याको समाधानका विषयमा परामर्श गरेका छन्।

उक्त प्रणाली लागू हुनु अघि पटक-पटक पत्राचार गरेर विभागले उपलब्ध गराएको यूजर आइडी र पासवर्ड लिन आग्रह गरको भएपनि नियोगहरुले युजरनेम र पासवर्ड लिन तदारुकता देखाएका थिएनन्। नेपालको विदेशमा २८ वटा कूटनितिक नियोगहरु छन्। त्यस मध्ये धेरै नेपाली कामदार वैदेशिक रोजगारीका लागि खाडीका ६ मुलुक र मलेसिया जाने गरेका छन्। ती मुलुकमै समस्या देखिएको हो।

विभागले गत जनवरी १ तारिखदेखि अनलाइन प्रणालीमा नआएका डिमाण्डबाट पूर्व स्वीकृति निदिने बताएको छ। ती मुलुकबाट अनलाइन प्रणालीमा दूतावासले प्रमाणीकरण गरेका डिमाण्डका कागजात नआए वैदेशिक रोजगारमा पुनः समस्या देखिने आंकलन गरिएको छ।

अनलाइन प्रणालीबाट पछाडि हट्ने कुनै सम्भावना नरहेको उद्घोष गरेका महानिर्देशक डा. भूसालले भने शुरुमा केही समस्या र असहज भएपनि अनलाइन प्रणालीबाट काम गर्नुको विकल्प नरहेकोले कुनै पनि हालतमा लागू गराउने बताउँदै आएका छन्। महानिर्देशक डा. भूसालले उक्त प्रणाली लागू भएपछि श्रम स्वीकृतिको नक्कली स्टिकर बनाई ठगी गर्ने र कागजातको बाध्यता देखाएर रकम असुल्नेहरुलाई समेत नियन्त्रण गरी वैदेशिक रोजगार प्रशासन स्वच्छ हुने बताइरहेका छन्। विभागले प्रणालीका विषयमा व्यवसायीहरुलाई तालिम समेत दिइसकेको छ। तर सरकारी निकायबाटै असहयोग हुने कतिपयको चिन्ता छ।

## समुद्रमा ...

यता वैदेशिक रोजगारीका लागि खाडीमा रहेका नेपाली कामदारहरुले अत्यधिक चिसोको सामना गर्नु परेको छ। हल्का वर्षा सहित कडा रुपमा चल्ने हुरीले केही दिनयता खुला ठाउँमा काम गर्ने कामदारहरुलाई समस्यामा पार्ने गरेको बताइएको छ।

कतारको मौसम विभागले कुनैपनि समुन्द्री गतिविधि नगर्न र मौसम अपडेटका लागि आधिकारीक सामाजिक सञ्जालको प्रयोग गर्न आग्रह गरेको छ। साउदी अरबमा पनि मौसम चिसिएको बताइएको छ। खाडीका देशहरमा उत्तरपूर्वी क्षेत्रबाट प्रवेश गर्ने वायुले चिसो बढाउने गरेको छ।

# चन्द समूहका युवा अध्यक्षलाई आगजनी मुद्दा

**काभ्रे/मस–** नेपाल प्रहरीले नेत्रविक्रम चन्द 'विप्लव' समूहका काभ्रेपलाञ्चोक जिल्ला सदस्य एवं राष्ट्रिय युवा जन-स्वयंसेवकका जिल्ला अध्यक्ष रमण परियारलाई आगजनी अभियोगमा मुद्दा दायर गरेको छ।

पाँचखाल नगरपालिका-७ होक्सेका ३० वर्षीय परियारलाई गत साल फागुन १० गते भुम्लु गाउँपालिकास्थित एनसेल टावरमा आगजनी गरेको अभियोगमा प्रहरीले मंगलबार मुद्दा दायर गरेको हो। परियारलाई सार्वजनिक सम्पत्तिमा नोक्सानी पुर्‍याएको कसुरमा मुद्दा दर्ता गरेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक दीपक गिरीले जानकारी दिए।

प्रहरीले परियारलाई विशेष सूचनाका आधारमा बा ८१ प ३२ नम्बरको मोटरसाइकलमा बनेपा नगरपालिकास्थित गोदाम चोकबाट सोमबार साँझ पक्राउ गरेको थियो। परियार केही वर्षअघि गुडिरहेको यात्रुवहाक बसमा आगो लगाएर सर्वसाधारणको ज्यान लिन खोजेको अभियोगमा केही महिना जेल बसेर निस्केका थिए।

यसअघि पक्राउ परेका सोही समूहका जिल्ला सेक्रेटरी सुन्तली थोकर विरुद्धको २०७५ चैत १० गते काभ्रेपलाञ्चोकको भुम्लु गाउँपालिका-५ सल्लेडाँडामा रहेको एनसेल (बीटीएस) टावरमा आगजनी तथा महाभारत गाउँपालिका नजिकै सिलिण्डर बम विस्फोट गरेको अभियोगमा जिल्ला अदालतले मागेको २५/२५ हजार धरौटी तिर्न नसक्दा केन्द्रीय कारागार चलान गरिएको प्रहरीले जनाएको छ। ३२ वर्षीया थोकरलाई कात्तिक अन्तिम साता विप्लव माओवादीको जिल्ला फर्मेशनमा जिल्ला सक्रेटरी भएलगत्तै कात्तिक ६ गते राति पनौती नगरपालिका-९ नौबिसेस्थत घरबाटै प्रहरीले पक्राउ गरेको थियो।

# तीन घर जलेर नष्ट

**सप्तरी/मस–** सप्तरीको तिलाठी कोलाडी गाउँपलिकामा बुधबार आगलागी हुँदा तीन घर जलेर नष्ट भएका छन्। वडा नं ७ मा स्थानीय देवनारायण साहको घरबाट अचानक सल्केको आगो निजको एउटा घर पूर्णरूपमा जलेर नष्ट भएको प्रहरीले जनाएको छ। सोही ठाउँका छिमेकी सूर्यनारायण साह र तेजनारायण साहका पनि एक/एक घर जलेर नष्ट भएका इलाका प्रहरी कार्यालय हनुमानगरले जनाएको छ।

आगलागी भने गाईगोठमा बालेको आगोबाट भएको हुन सक्ने स्थानीयले अनुमान गरेका छन्। आगलागीबाट तीन जनाको खाद्यान्न, लत्ताकपडा, भाडावर्तन र नगद जिन्सीलगायत करीब रु १० लाखभन्दा बढी मूल्य बराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। आगोलाई स्थानीवासी, प्रहरी र नगरपालिकाबाट आएको बारुणयन्त्रले नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ।

यसैबीच आगलागी भएको ठाउँमा पीडितका लागि तत्काल राहत दिनका लागि चिउरा, भुजिया, भुजा तथा त्रिपाल सहयोगका लागि गाउँपालिकाले व्यवस्था गरेको गाउँपालिकाका अध्यक्ष सतिश सिंहले जानकारी दिए।

**जुन इन्भेष्टमेन्ट प्रा.लि.को कम्पनी खारेज गरिएको लिक्वीडेटरको सूचना**

कम्पनी ऐन २०६३ बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा मिति २०६४/०१/१२ मा दर्ता भएको प्रा.लि. नं. ४५४९८/०६४/०६५ को जुन इन्भेष्टमेन्ट प्रा.लि. को मिति २०७६/०९/११ मा बसेको विशेष साधारणसभाले स्वेच्छिक रुपमा कम्पनी खारेजी (लिक्वडेशन) गर्ने विशेष प्रस्ताव पारित गरेको हुँदा यस कम्पनीमा कोही कसैको कुनै बाँकी बक्यौता वा लेनदेन आदि बाँकी भएमा वा खारेज नगर्नु पर्ने अन्य कुनै कारण भएमा तथ्ययुक्त आधार र सवुद प्रमाणसहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र आफै वा प्रतिनिधिमार्फत हकदाबी गर्न निम्न लिखित लिक्वीडेटरको कार्यालयमा सम्पर्क गर्नुहुन सूचित गरिन्छ।

**लिक्वीडेटरः राजु थापा, ठेगाना : बौद्ध-६, काठमाडौं**
**इजाजतपत्र नं. ३५६, फोन नं. ९८५१०१३७३०**

**हाई हिमालयन इन्भेष्टमेन्ट एण्ड ल्याण्ड डेभलपर्स प्रा.लि.को कम्पनी खारेज गरिएको लिक्वीडेटरको सूचना**

कम्पनी ऐन २०६३ बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा मिति २०६६/०८/२९ मा दर्ता भएको प्रा.लि. नं. ६८५९१/०६६/०६७ को हाई हिमालयन इन्भेष्टमेन्ट एण्ड डेभलपर्स प्रा.लि. को मिति २०७६/०९/११ मा बसेको विशेष साधारणसभाले स्वेच्छिक रुपमा कम्पनी खारेजी (लिक्वडेशन) गर्ने विशेष प्रस्ताव पारित गरेको हुँदा यस कम्पनीमा कोही कसैको कुनै बाँकी बक्यौता वा लेनदेन आदि बाँकी भएमा वा खारेज नगर्नु पर्ने अन्य कुनै कारण भएमा तथ्ययुक्त आधार र सवुद प्रमाणसहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र आफै वा प्रतिनिधिमार्फत हकदाबी गर्न निम्न लिखित लिक्वीडेटरको कार्यालयमा सम्पर्क गर्नुहुन सूचित गरिन्छ।

**लिक्वीडेटरः राजु थापा, ठेगाना : बौद्ध-६, काठमाडौं**
**इजाजतपत्र नं. ३५६, फोन नं. ९८५१०१३७३०**

# 'सरकार सुरक्षित मुलुक निर्माणको अभियानमा'



काठमाडौं/मस- प्रधानमन्त्री केपी शर्मा ओलीले भूकम्पबाट हुनसक्ने क्षतिबाट जोगिन सबैलाई आह्वान गरेका छन् । २२ औं राष्ट्रिय भूकम्प सुरक्षा दिवसका अवसरमा प्रधानमन्त्री ओलीले एक सन्देश जारी गर्दै प्राकृतिक बिपत्ति तथा भूकम्पबाट हुनसक्ने क्षतिबाट जोगिन आवश्यक सजगताका लागि आह्वान गरेका हुन् ।

सन्देशमा भनिएको छ, '२२ औं राष्ट्रिय भूकम्प सुरक्षा दिवसका अवसरमा प्राकृतिक बिपत्ति तथा भूकम्पबाट हुनसक्ने क्षतिबाट जोगिन आवश्यक सजगताका लागि म सबैमा हार्दिक आह्वान गर्दछु । भूकम्पको जोखिम रहेको हाम्रोजस्तो भू-भागमा यस्ता प्राकृतिक विपद्ले हुन सक्ने जनधनको क्षतिबाट जोगिन भूकम्प सुरक्षा दिवसले हामी सबैलाई यसको सामना गर्दै बच्ने प्रेरणा प्रदान गरोस् भन्ने कामना गर्दछु ।'

प्रधानमन्त्री ओलीले सरकार भूकम्प प्रभावित जनताका सुरक्षित आवास, विद्यालय, बस्ती हुँदै सुरक्षित मुलुक निर्माणको अभियानमा रहेको बताएका छन् । उनले २०७२ सालको भूकम्पबाट पुगेको क्षतिलाई पुनर्निर्माण गरी निष्कर्ष नजिक पुगेको बताए । भूकम्पबाट ध्वस्त भएका जनताका आवास, ऐतिहासिक तथा पुरातात्विक सम्पदा, सरकारी भवन लगायतका संरचनाहरुलाई सरकारले नवनिर्माणको सुखद् तस्बिरमा बदलेको उनको भनाइ छ ।

प्रधानमन्त्रीद्वारा जारी सन्देशमा भनिएको छ, 'यतिखेर हामी भूकम्प प्रभावित जनताका सुरक्षित आवास, विद्यालय, बस्ती हुँदै सुरक्षित मुलुक निर्माणको अभियानमा छौं । २०७२ साल वैशाख १२ गते गएको विनाशकारी भूकम्पबाट पुगेको क्षतिलाई हामीले पुनर्निर्माण गरी निष्कर्ष नजिक पुऱ्याएका छौं । भूकम्पले ध्वस्त भएका जनताका आवास, ऐतिहासिक तथा पुरातात्विक सम्पदा, सरकारी प्रशासनिक भवन, विद्यालय तथा स्वास्थ्य संस्थाका भवनहरुलाई खण्डहर जमिनबाट उठाएर नवनिर्माणको सुखद् तस्बिरमा बदलेका छौं । यस तथ्यले हाम्रो पुनर्निर्माण अभियान गन्तब्य नजिकै पुगेको सुसंकेत गरिरहेको छ । भूकम्पपछि ढलेको समाजको मनोबल उठ्ला त भन्ने प्रश्नलाई हामीले कामद्वारा नै सम्बोधन गरिरहेका छौं । र, त्यसलाई हामी निकट भविश्यमै सम्पन्न गर्दैछौं ।'

प्रधानमन्त्री ओलीले पुरातात्विक सम्पदाहरुको पुनर्निर्माणलाई सरकारले परम्परागत मौलिकता कायम राख्दै दीगो तथा भूकम्पबाट अधिकतम सुरक्षित हुने तवरले अघि बढाएको बताएका छन् । सन्देशमार्फत उनले जोखिमयुक्त स्थानमा रहेका बस्तीहरुलाई सुरक्षित स्थानमा सार्ने प्रवन्ध मिलाएर सरकारले पुनर्निर्माणको काम सफलतापूर्वक अघि बढाइएको जानकारी दिए ।

विसं १९९० माघ २ गते अपराह्न २ बजेर २४ मिनेटमा भूकम्प गएको सम्झनामा आज देशभर विभिन्न कार्यक्रम आयोजना गरी २२ औं राष्ट्रिय भूकम्प सुरक्षा दिवस मनाइँदैछ । 'भूकम्पबाट सुरक्षित पूर्वाधार, दिगो सुख र समृद्धिको आधार' नाराका साथ दिवस मनाउन लागिएको हो । विसं २०५५ देखि माघ २ गतेलाई राष्ट्रिय भूकम्प सुरक्षा दिवसका रुपमा मनाउन थालिएको हो । भूकम्पका बारेमा जनचेतना जगाउने उद्देश्यले सरकारले यो दिवस मनाउन थालेको थियो ।

दिवसका अवसरमा मूल समारोह समितिले आज भक्तपुरमा विशेष कार्यक्रम आयोजना गर्दैछ । मूल समारोहको कार्यक्रमअघि भक्तपुरमा जनचेतनामूलक दुई पदयात्रा हुने प्रचारप्रसार उपसमिति संयोजक एवं शहरी विकास तथा भवन निर्माण विभागका महानिर्देशक मणिराम गेलालले जानकारी दिए ।

पहिलो पदयात्रा लामगाल पुखु, नवदुर्गा, गछेँ सकोलान् दत्तात्रय, इनाचो गोल्मढी, सुकुलढोका, त्रिपुरासुन्दरी हुँदै भक्तपुर दरबार क्षेत्रमा पुग्नेछ । यसैगरी दोस्रो पदयात्रा भाज्या पुखु इनागा भार्वाचो, टेखापुखु, वंशगोपाल, तालाक्व, टौमढी, क्वोछेँ, साकोठा हुँदै भक्तपुर दरबार क्षेत्र पुगेर मूल समारोहको कार्यक्रममा सहभागी हुनेछ ।

# बालबालिकाका लागि लगानी बढाऔं : राष्ट्रपति भण्डारी



काठमाडौं/मस- राष्ट्रपति विद्यादेवी भण्डारीले भविष्यका जिम्मेवार नागरिक बालबालिकाका लागि लगानी बढाउन सरकार र सम्बन्धित पक्षलाई आग्रह गरेकी छन् । माघे संक्रान्तिका अवसरमा राष्ट्रपति भवन शीतल निवासमा बुधबार आयोजित 'बालबालिकासँग राष्ट्रपति' कार्यक्रममा उनले शिक्षा र स्वास्थ्यका साथै असल नागरिक बनाउन तिनमाथि लगानी बढाउन र हेरचाहमा कुनै कमजोरी भए विशेष ध्यान दिन संसद् र सरकारले ध्यान दिने विश्वास व्यक्त गरिन् ।

उनले आफू एकदिन भए पनि मकर सङ्क्रान्तिका अवसरमा बालबालिकासँग रमाउन र उनीहरुलाई अभिभावकत्व दिन पाउँदा खुशी भएको बताइन् । नेपाल बाल संगठनका बालबालिकाले शीतल निवास परिसर र राष्ट्रपति निवास अवलोकनपछि आयोजित कार्यक्रममा विभिन्न गीत र नृत्यसमेत प्रस्तुत गरेका थिए । यसैगरी पद्मकन्या बहुमुखी क्याम्पसका छात्राले पनि विशेष नृत्य प्रस्तुत गरेका थिए । शीतल निवासमा बालबालिकालाई माघी पर्वमा खाइने मिष्ठान्न भोजन गराइएको थियो ।

विगतमा माघीका अवसरमा राजनीतिक दलका नेतासँग भेटघाट तथा चियापान कार्यक्रम राखिने गरेकामा पछिल्लो दुई वर्षयता राष्ट्रपतिले माघ १ गतेको दिन बालबालिकासँग बिताउने गरेकी छन् । बालबालिकाको हितका लागि राष्ट्रको ध्यान खिंचियोस् भनेर प्रकृति र संस्कृतिसँग जोडिएको माघी पर्वका अवसरमा भेटघाट कार्यक्रम राखिएको जनाइएको छ ।

# सुकुम्बासी बस्तिका ७५ घरलाई न्यानो कपडा वितरण

**इमरान खान/मध्यान्ह**
नवालपरासी, १ माघ



नवलपरासीको कावासोतिका युवा व्यवसायीहरुको पहलमा कावासोती नगरपालिका वडा नं. ३ को सुकुम्बासी बस्तिमा ७५ घर धुरिलाई जाडोको लागी न्यानो शिरक वितरण गरिएको छ । कावासोती नगरपालिका वडा नं. ३ का वडाध्यक्ष अमृत कुमार श्रेष्ठको समन्वयमा सम्पन्न कार्यक्रममा कावासोती र देवचुली नगरपालिकाका युवा व्यवसायी तथा समाजसेवीहरुले शिरक वितरण गरेका हुन् ।

जाडो बढीरहँदा सुकुम्बासी बस्तिबाट सहयोगको लागी अनुरोध आएपछि आफुहरुले सहयोगको लागी अपिल गरेर सबैको सहयोगमा शिरक वितरण गरिएको अभियान्ता प्रबिन सापकोटाले बताए ।

अभियन्ता विशाल तिवारीले आफुले धेरै ठाउँमा सहयोग गरेको भएपनी आफ्नै हातबाट वितरण गर्ने कार्यक्रम अहिले सम्म नभएको र आफ्नै हातबाट सहयोग हस्तान्तरण गर्न पाउँदा अत्यन्तै हर्षित भएको बताए ।

कार्यक्रममा ७५ घरधुरीलाई शिरक, एक जना शारीरिक रुपमा अशक्त महिलालाई नगद सहयोग गरिएको थियो । सहयोग ग्रहण गरेपश्चात धन्यवाद दिँदै आगामी दिनमा पनि यस्ता सहयोगहरु आउने आफुहरुलाई अपेक्षा रहेको वृद्ध धनमाया परियारले बताइन् ।

अभियानका संयोजक किरण भुर्तेलले संचालन गरेको कार्यक्रममा बोल्दै वडाध्यक्ष श्रेष्ठले आफ्नो वडाको सुकुम्बासी बस्तिमा स्थानीय बासिन्दाहरुको दु:खद अवस्था देखेपछि कार्यक्रमका आयोजकहरुलाई सुकुम्बासी बस्तिमा सहयोगको लागी अनुरोध गरेको भन्दै आगामी दिनमा पनि वडा न ३ मा रहेको सुकुम्बासी बस्तिको हरेक सुख दुखमा हरदम आफु पनि सँगै रहने प्रतिबद्धता व्यक्त गरे । उनले अभियानका नेतृत्व गर्ने समूहसहित सहयोगी सबैलाई धन्यवाद ज्ञापन गरेका थिए ।

कार्यक्रममा भण्डारी हार्डवेयरका संचालक महेन्द्र भण्डरी, सिद्धार्थ सुनचाँदी पसलका संचालक रबिन्द्र गहतराज, सुन्दर लम्साल, केशर थापा, नवलपुर जेसिजका अध्यक्ष नारायण न्यौपाने, ओमकार घिमिरे , दिलिप तिमिल्सिना, चिरन पाण्डे, बेट्टु रानाभाट, राजकुमार श्रेष्ठ, नवराज भण्डारी, केशव खत्री लगायतको उपस्थिति थियो ।

# राजश्व छली गरी ल्याइएका ३० थान मोबाइल बरामद



**बनेपा/मस-** इलाका प्रहरी कार्यालय बनेपाको टोलीले भन्सार छली गरेर ल्याई बेचबिखन गर्दै आएका छुट्टाछुट्टै मोबाइल पसलबाट ३० थान मोबाइल बरामद गरिएको छ । इलाका प्रहरी कार्यालयका प्रहरी निरीक्षक योगेन्द्र तिमल्सिनाले बुधबार पत्रकार सम्मेलन गरी बरामद गरिएका मोबाइल सेट सार्वजनिक गरेका हुन् । उनका अनुसार बनेपा नगरपालिका- ८ बसपार्कमा रहेको पसल दर्ता नै नगरी सुनिल खनालले सञ्चालन गर्दै आएको मोबाइल पसलबाट विभिन्न कम्पनीको २१ थान र वडा नं ८ चाँदनीचोकस्थित चाँदनी कम्प्लेक्सभित्र सुदीप दाहालले सञ्चालन गर्दै आएको एमआइजी मोबाइल सेन्टरबाट नौ थान गरी ३० थान मोबाइल बरामद गरिएको हो । बरामद गरिएका मोबाइल कम्पनीको बजार मूल्यअुनसार रु १७ हजार ६०० देखि रु एक लाख ६० हजारसम्मका छन् । बरामद गरिएका रु १० लाख १७ हजार ५०० बराबरका मोबाइल राजश्व कार्यालय हरिहरभवन पुल्चोकमा थप अनुसन्धानका लागि पठाइने प्रहरीले जनाएको छ । पसलेले भन्सार छली गरेर ल्याएका मोबाइल काठमाडौंबाट ल्याई बेच्ने गरेका पाइएको प्रहरीको भनाइ छ । ती पसल सञ्चालकलाई राजश्व छलीअन्तर्गत मुद्दा चलाइने प्रहरीले जनाएको छ ।

# जुधाइयो गोरु



**नुवाकोट/मस-** नुवाकोटमा माघे संक्रान्तिका अवसरमा गोरु जुधाइने क्षेत्र फैलँदै गएको छ । यो वर्ष मात्रै नुवाकोटका विभिन्न ६ ठाउँमा गरी ५० हल गोरु जुधाइएको छ । गाउँमा विभिन्न ठाउँमा छरिएको गोरु जुधाइ परम्परालाई तारुकाले २०६२ सालबाट एकै थलोमा जुधाउन थालेपछि नुवाकोटमा गोरु जुधाइको रौनक छाएको हो ।

तारुकाले गरेको परम्पराको संरक्षणको सिको गर्दै बुधबार माघे संक्रान्तिका दिन नुवाकोटका ६ ठाउँमा गोरु जुधाइएको हो । तारकेश्वर गाउँपालिकाको तारुका, विदुर नगरपालिकाको बेत्रावती, पञ्चकन्या गाउँपालिकाको घले भञ्ज्याङ, लिखु गाउँपालिकाको कट्टिछाप, तादी गाउँपालिकाको सातविसे र शिवपुरी गाउँपालिकाको शेराबगरमा गोरु जुधाइएको थियो । तारुकामा २१ हल, बेत्रावतीमा ११ हल, घले भञ्ज्याङमा ८ हल, सातबिसेमा ४ हल, कट्टीछापमा २ हल र शेराबगरमा ४ हल गरी ५० हल गोरु जुधाइएका थिए ।

# योग शिक्षा गौरवपूर्ण परम्परा र सम्पदा : परराष्ट्रमन्त्री




काठमाडौं/मस- परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवालीले योग शिक्षा गौरवपूर्ण परम्परा र सम्पदा भएको बताएका छन् । विज्ञान र प्रविधिको विकास नहुँदै योगको विकास भएको बताउँदै ज्ञवालीले यो गौरवपूर्ण परम्परा र सम्पदा भएको बताएका हुन् । राष्ट्रिय योग दिवसका अवसरमा राजधानीमा भएको एक कार्यक्रममा मन्त्री ज्ञवालीले अग्रजहरुले योगका माध्यमबाट स्वस्थ जीवन बाँच्ने र धेरै महत्वपूर्ण सम्पदा तथा ज्ञानहरु हस्तान्तरण गरेर गएको बताए ।

'आधुनिक विज्ञान, प्रविधि नभएको बेला, आधुनिक मेडिकल विज्ञानको विकास भएको थिएन । जतिबेला डाइग्नोष्टिक र ट्रिटमेण्डका लागि अहिलेजस्तो सहज सुलभ प्रविधिहरु थिएनन् । हाम्रा अग्रजहरुले योगका माध्यमबाट स्वस्थ जीवन बाँच्ने र अरु धेरै महत्वपूर्ण सम्पदा र ज्ञानहरु हस्तान्तरण गरेर गए', उनले भने, 'विभिन्न किसिमका तनावलाई ध्यानले कम गर्न सक्छ । प्रभावकारी छ । यो गौरवपूर्ण धरोहरुलाई विद्यालय शिक्षसँगै जोडेर जीवनको अभिन्न अंग बनाउनुपर्छ ।'

कार्यक्रममा स्वास्थ्य तथा जनसंख्यामन्त्री भानुभक्त ढकालले योगको माध्यमबाट मान्छेमा सकारात्मक भावनाको विकास हुने बताए । विश्वमा एकदिनमा दुर्घटनाबाट ८ जना र १६ जनाले आत्महत्या गर्ने गरेको तथ्यांकले देखाएको बताउँदै उनले योग शिक्षाको माध्यमबाट यसलाई रोक्न सकिने बताए । 'मान्छेमा योगको माध्यमबाट सकारात्मक भावनाको विकास गर्न सकियो भने आत्महत्या जस्ता घटनाहरु न्यूनिकरण गर्न सकिन्छ', ढकालले भने ।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री गिरीराजमणि पोखरेलले योगलाई औषधि र उपचारको अर्थमा मात्रै नभएर जीवन पद्धतिको रुपमा बुझ्नुपर्ने बताए । योग दिवसका अवसरमा एक दिन कार्यक्रम गरेर मात्रै नहुने बताउँदे उनले यसलाई जनजनमा पुऱ्याउन अभियान नै चलाउनुपर्ने बताए । योग र प्राकृतिक चिकित्सालाई पाठ्यक्रममा समावेश गर्ने योजना सरकारको रहेको उनले बताए । एकहप्ता भित्र योग अभ्यासको पुस्तिका सार्वजनिक गर्ने तयारी रहेको पनि उनले बताए ।

स्वामी आनन्द अरुणाले विश्वमा राजनीतिक र धर्मका कारण झगडाहरु हुने गरेको उल्लेख गर्दै योग र साधनाको माध्यमबाट विश्वालाई एकतावद्ध गर्न सकिने बताए । उनले योगसम्बन्धि अध्ययन हुने राष्ट्रियस्तरको शिक्षालयको आवश्यकता समेत औंल्याए । भ्रमणवर्ष घोषणा गरेर मात्रै पर्यटक नआउने भएकोले योग, साधनाबाट लाखौं पर्यटक भित्र्याएर महिनौंसम्म नेपालमै राख्न सकिने बताए ।

राष्ट्रिय एकता: योगको सान्दर्भिकता नारा सहित बुधबार योग दिवस मनाइएको छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्राललयको आयोजनामा दिवस मनाइएको हो ।

## तालिमको सुवर्ण अवसर

Star Level को होटेल तालिम गर्नु गराउनु परेमा HILTON ACADEMY लाई सम्झनुहोस BHM गरि star hotel को अनुभवी Professional Chef द्वारा तालिम दिइने ।

हाम्रो सेवाहरु: ❖Cook ❖Food & Beverage Service ❖Housekeeping ❖Coffee Maker ❖Bartender ❖Cashier ❖Front Office ❖Room Attendant ❖Bell Boy ❖Domestic Helper ❖Cleaner ❖Baby Siter ❖Care Giver ❖Montessori

तालिम को साथ Japanese, Korean, English, French, Hibru भाषा पढाईन्छ । मेनपावर कम्पनीहरुलाई विशेष छुटको व्यवस्था छ ।

HILTON ACADEMY PVT. LTD.
(Hotel Management & Culinary Arts)
Basundhara Chowk (Near Ishan Ball Hospital)
Kathmandu, Tel:01-4351313, 4355747 h/p 9823643528
email: hiltonhma@gmail.com

## होटल तालिम !

मेनपावरहरुले हस्पिटालिटीको अन्तर्वार्ता र ट्रेड टेस्टको लागि पनि सम्पर्क गर्न सक्नुहुनेछ ।

Get your skill for your future carrier



✔ HK
Cleaners/House Keeping/ Laundry man, Room boy

✔ KITCHEN
Kitchen Helper/ Kitchen Stewards
Indian, Chinese, Continental, Arabic, Japanese, Thai Cook

✔ F&B
Waiter/Waitress, Hostess/Service Crew/ Cashier/Barista.

✔ FRONT DESK, RECEPTION

रोजगारी पनि भविष्य पनि
- स्वदेशमै होस कि विदेशमा
- स्वरोजगार वा वैदेशिक रोजगार
- तपाई सीप सिक्नुहोस्
- अवसर र उपाय हामी खोजी दिन्छौं ।

NICHOLAS HOSPITALITY SERVICES (P).LTD
Hotel Management Institute

Tokha-10, Gongabu, Kathmandu ☎ 01-4387681, 9851019169
info@nicholaspitality.com, nicholas.hospitality2019@gmail.com

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई टिकट छिटो, छरितो सेवाको लागि हामीलाई सम्झनुहोस् ।

## कस्मो नेपाल ट्राभल एण्ड टुर्स प्रा. लि.

Cosmo Nepal Travel And Tours (P.) Ltd.



G.P.O. Box No.: 6012, Gairidhara-2, Naxal, Kathmandu, Nepal, Tel.: 977-1-4432368, 4439190, Mob.: Shyam KC 9851108449
Nabin Kafle 9801091701, 9841917001, Sachin Pandey 9801017077, 9851017077, Email: cosmonepal2012@yahoo.com, Website: www.cosmonepal.com

## सम्पादकीय

# मुटु मोह

समाजवादी पार्टी, नेपालले समर्थन फिर्ता लिए पनि प्रधानमन्त्री केपी शर्मा ओलीको संसदीय शक्तिमा कुनै फरक परेको छैन । किनभने, प्रधानमन्त्री ओली अझै दुई तिहाइ नजिकको संसदीय गणितमा सरकार चलाइरहेका छन् । २७५ मध्ये नेकपा सँगै १७४ सांसद रहेकाले अन्य दलले समर्थन गर्नु र नगर्नुले उति ठूलो असर पार्दैन । २०७२ को संविधानले पार्टी विभाजनका लागि बलियो शर्तको प्रावधान गरेकाले तत्काललाई प्रधानमन्त्री ओलीको शक्तिबारे कुनै प्रश्न उठ्ने देखिदैन । प्रधानमन्त्री ओली कमजोर हुनलाई सत्तारूढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) मा विभाजन आउनुपर्ने हुन्छ, त्यो पनि ठूलो संख्यामा सांसदहरूले सरकार छोड्ने निर्णय गर्नुपर्ने हुन्छ । शक्तिमा पुग्ने प्रमुख उद्देश्यका साथ पार्टी एकीकरण गरेको नेकपामा त्यो संभावना देखिदैन । तसर्थ, प्रधानमन्त्री ओली शक्तिशाली रहेको र रहनेमा कुनै दुइमत छैन ।

तिनै शक्तिशाली प्रधानमन्त्रीको अभिव्यक्ति र कार्यशैलीबाट भने आम नागरिकमा उत्साह देखिदैन । मंगलबार मात्रै प्रधानमन्त्री ओली मूलधारे मिडियासँग रूस्ट रहेको अभिव्यक्ति दिए । पत्रकार हरूको योग्यता र नियतबारे प्रश्न उठाउँदै प्रधानमन्त्री ओलीले सकारात्मक समाचार लेख्न र देख्नलाई सम्पादकको मुटु नै नभएको अभिव्यक्ति दिए । यही अभिव्यक्तिका कारण प्रधानमन्त्री ओली फेरि एक पटक विवादित बनेका छन् । संविधान कार्यान्वयनको प्रमुख कार्यकारी व्यक्तिबाटै संविधान प्रदत्त अधिकारमाथि धावा बोलिएको रूपमा मिडियाकर्मीहरूले टिप्पणी गरिरहेका छन् ।

डा.शिवमाया तुम्बाहाङ्फेले उपसभामुख पदबाट राजीनामा नदिए पछि महिना दिनदेखि बन्धक संसद खुलाउने प्रयत्नबारे जिम्मेवारीपूर्ण अभिव्यक्ति नदिने प्रधानमन्त्री ओलीको आक्रोशलाई स्वभाविक मानिएको छैन । त्यसै पनि विधिको शासन कायम रहेको मुलुकमा मिडियाले सरकारकै कमजोरी बारे सामग्री तय गर्ने हो । तर, राज्य सत्ताको शक्ति सन्तुलन र नागरिक स्वतन्त्रताका लागि आफ्नो भूमिकामा तैनाथ रहेर तयार पारिएका मिडिया सामग्री बारे प्रधानमन्त्रीले यसअगाडि बाटै धेरै पटक आपत्ति जनाउँदै आएका छन् । यसले संविधान प्रदत्त नागरिकको हक सरकारबाटै खोसिने खतरा रहेको आशंकालाई समेत बल पुगेको छ । त्यसै पनि मिडिया काउन्सिल विधेयक, मानवअधिकार सम्बन्धी विधेयक, गुठी विधेयक, सूचना प्रविधि विधेयक लगायतबाट त्रसित नागरिकलाई अझ सशंकित बनाउनेगरी प्रधानमन्त्रीको अभिव्यक्ति आउनु उचित होइन । यसले प्रधानमन्त्री प्रति आम नागरिकको धारणा नकारात्मक मात्रै बन्दैन; सामाजिक न्याय, लोकतन्त्र र सुशासनका लागि अत्यावश्यक सचेत नागरिक पंक्तिका मुटुहरूलाई पनि निरूत्साहित बनाउँछ ।

## सामाजिक सञ्जाल



सबभन्दा बढी मेडिकल माफिया, एजुकेशन माफिया, भूमाफिया र करछल्ने ठूला कर्पोरेट हाउस कुन प्रदेशमा छन् ? सबभन्दा बढी सवारी लाइसेंस वितरण हुने, जग्गा नामसारी हुने र शेयर बाजारमा ब्ल्याक एण्ड व्हाइट कुन प्रदेशमा हुन्छ ?

**- विपी साह**



आफू बाहेक अरूलाई भेडा देख्नेहरू पक्का भेडा नै हुन् । कति सजिलै भेडा भनिदिन सकेको ? जब नेताहरू विरोध गरिरहेका छन् त केही त आधार पक्कै होला नि ।

**- आस्था**

अनि के अब सरकारका कामको प्रशंसा नगर्ने पत्रकारले मुटुका डाक्टरसँग जाँच गराई 'मुटु छ' उल्लेखित प्रमाणपत्र झिकाएर सार्वजनिक गर्नुपर्ने हो ? के यो मुटुका डाक्टरको आम्दानी बढाउने तकनिकी हो ?

**- रूपेश श्रेष्ठ**



नेपालमा प्रत्येक नागरिकको राष्ट्रिय पहिचान 'नेपाली' मात्र हो । अरू पहिचान माथिको राजनीतिकरण द्वन्द्वको आधार मात्र हो ।


**- सोनी शर्मा**

### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेलः article .madhyanhadaily@gmail .com

# औद्योगिक सम्बन्धको विकासमा उत्पन्न समस्या



■ प्रेमलकुमार खनाल

“संस्थाको अग्रगति र प्रगतिका साथै औद्योगिक सम्बन्धको विकासका लागि युनियन-व्यवस्थापनबीचको आपसी सम्बन्ध व्यवस्थित र सुमधुर हुनुपर्छ । संस्थाभित्र व्यवस्थापन र युनियन दुवैको अस्तित्व र भूमिका अपरिहार्य छ । यीमध्ये कुनै एकको अभावमावा एक पक्षलाई अर्को पक्षले नजरअन्दाजवा बेवास्ता गर्ने हो भने संस्थाको अस्तित्व र भविष्य नै समाप्त हुन्छ ।

आधुनिक व्यवस्थापनमा व्यवस्थापनका कार्यमध्ये संस्थाभित्र असल औद्योगिक सम्बन्ध कायम गर्ने कार्य पनि महत्वपूर्ण कार्य हो । असल औद्योगिक सम्बन्धको विकासले मुलुकको आर्थिक विकासमा मद्दत पुऱ्याउँछ । संस्थाभित्र औद्योगिक सम्बन्ध खलबलिन पुग्यो भने संस्था र संस्थासँग सरोकारित पक्षहरू लगानीकर्ता, निक्षेपकर्ता, ग्राहक वर्ग हुँदै सिंगो समाज र मुलुककै अर्थतन्त्रमा नकारात्मक प्रभाव पर्छ । अतः संस्थाको अग्रगति र प्रगतिको कुरा गरिरहँदा वा मुलुकको आर्थिक विकास र समृद्धिको कुरा गरिरहँदा औद्योगिक सम्बन्धलाई सुमधुर बनाउने दिशामा ध्यान दिनु जरुरी हुन्छ ।

सामान्यतया औद्योगिक सम्बन्ध भन्नाले उद्योग कलकारखानामा संलग्न मालिक/नियोक्ता/रोजगारदाता र त्यहाँ कार्यरत कामदार, कर्मचारीबीचको विद्यमान सम्बन्धलाई जनाउँछ । तर, औद्योगिक सम्बन्धको गतिशील धारणाले उद्योग, सेवा-व्यवसायको उत्पादन, सेवा र वितरणसँग सम्बन्धित पक्षहरू सरकार, रोजगारदाता र कामदार कर्मचारीबीचको त्रिपक्षीय सुमधुर सम्बन्धलाई औद्योगिक सम्बन्धका रूपमा परिभाषित गरिन्छ ।

औद्योगिक सम्बन्धका उद्देश्यहरूमा सरकार, व्यवस्थापन र मजदुरबीचको सम्बन्ध सुमधुर बनाउने,औद्योगिक द्वन्द्व न्यूनगर्ने र गुणात्मक कार्य वातावरण बनाइराख्ने रहेको हुन्छ ।

जुनसुकै संस्थामा पनि उपर्युक्त उद्देश्य प्राप्तिको दिशामा प्रयत्न गर्न सक्दा संस्थाभित्र सुमधुर सम्बन्ध कायम हुन्छ र यसले औद्योगिक सम्बन्ध कायम गर्न मद्दत गर्छ । यसको विपरीत नकारात्मक कार्य हुन थाले औद्योगिक सम्बन्ध खलबलिन पुग्छ ।

यसले उत्पादनको काममा व्यवधान उत्पन्न गर्छ । सेवा प्रदानमा व्यवधान उत्पन्न गर्छ । उत्पादकत्वमा कमी आउँछ । लगानी गर्नमा प्रतिकूल वातावरण सिर्जना गर्छ । यसले सामाजिक समस्याहरू (बेरोजगारी, आर्थिक मन्दीर मूल्य वृद्धि) सिर्जना गर्न थाल्छ ।

औद्योगिक सम्बन्ध भनेकै संस्थाभित्रको व्यवस्थापन-श्रमिकबीचको सम्बन्ध हो । औपचारिक सम्बन्ध राम्रो हुँदा यसको सकारात्मक प्रभाव भएको पाइन्छ । अतः यसलाई संस्थाभित्रका सबै पक्षलाई समेटेर विकास गर्नुपर्छ । औद्योगिक सम्बन्धको विकास सकारात्मक रूपमा हुँदै जाँदा सामूहिक सौदाबाजीको विकासबाट ट्रेड युनियनको सकारात्मक भूमिका बढ्न थाल्छ, । यसको माध्यमबाट द्वन्द्व न्यून हुन थाल्छ र व्यवस्थापनमा श्रमिकको सहभागिता रहन्छ । संस्थाको विकासमा श्रमिकको भूमिका बढ्न थाल्छ । सामूहिक प्रयत्नबाट संगठनको विकास हुन थाल्छ, संस्थाभित्र कानुनी शासन स्थापित हुन्छ ।

वास्तवमा संस्थाभित्र सुदृढ, सबल, लोकतान्त्रिक एवं जिम्मेवार ट्रेड युनियन र व्यवस्थापन भएमा स्वाभाविक रूपमा कर्मचारीको सेवा-सुरक्षा हुनुका साथै यसले संस्थाको विकासमा प्रवर्द्धन गर्ने कार्य गर्छ । यी सबै कार्य गर्न मूलतः सामूहिक सौदाबाजीको विधि प्रयोग गर्नुपर्छ । यदि संस्थाभित्र स्वस्थ ढंगले सामूहिक सौदाबाजीको प्रक्रिया अगाडि बढ्ने र सामूहिक सौदाबाजीबाट भएको सम्झौतालाई इमानदारीपूर्वक कार्यान्वयन गर्ने हो भने यसैका माध्यमबाट कर्मचारीहरूको सेवा-सुरक्षा, वृत्ति विकास हुनुका साथै संस्थाभित्र अनुशासनको विधि र पद्धतिलाई स्थापित गर्न सकिन्छ ।

यसका साथै संस्थाभित्र राज्यद्वारा पारित श्रम कानुन (श्रम ऐन, ट्रेड युनियन, बोनस ऐन र नियमावलीहरू) को इमानदारितापूर्वक पालना र कार्यान्वयन हुने हो भने संस्थाभित्र हुने सबै खाले द्वन्द्व र अशान्तिलाई न्यूनीकरण गरी औद्योगिक शान्ति काय मगर्न सकिन्छ ।

यस्तै संस्थाभित्र औद्योगिक लोकतन्त्र स्थापना भएमा कामदार कर्मचारीहरू कुनै किसिमको भय, त्रासमा नरही इमानदारी र स्वाभिमानका साथ काम गर्ने वातावरण सिर्जना हुन्छ । यसका लागि कामदार कर्मचारीलाई हाम्रो आफ्नै सरकार छ भन्ने अनुभूति प्रदान गर्न सहभागितामूलक व्यवस्थापनको अवधारणा अनुरूप संस्थाको नीति निर्माण गर्दा कर्मचारी वर्गको सल्लाह-सुझाव लिने र नीति निर्माणको तह सञ्चालक समितिमा कामदार कर्मचारी वर्गको प्रतिनिधित्व सुनिश्चित हुँदा स्वाभाविक रूपमा सहभागितामूलक व्यवस्थापनको अभ्यासका विकास हुन्छ । यसका साथै श्रमिक कर्मचारीका आधारभूत अधिकारका रूपमा रहेको मानवअधिकारर ट्रेड युनियन अधिकारको सम्मान गर्नुका साथै उत्पादकत्व अभिवृद्धिका लागि कर्मचारी कार्यक्षमता विकाससम्बन्धी तालिम प्रदान गरेर कामप्रति उत्प्रेरित गर्न सक्दा संस्थाभित्र हार्दिकता, एकता र लोकतान्त्रिक वातावरण सिर्जना भई औद्योगिक सम्बन्धको विकास गर्न मद्दत पुग्दछ ।

औद्योगिक सम्बन्धको विकासमा खासगरी राज्यको श्रमनीति, अर्थनीति, श्रम कानुन, सामूहिक सौदाबाजी र व्यवस्थापनको सोच शैली र दृष्टिकोणले संस्थागत प्रभाव पारेको हुन्छ । यस्तै राज्यले अवलम्बन गर्ने आर्थिक नीति (पुँजीवादी, समाजवादी र उदारवादी) ले संस्थाको संरचना, श्रमशक्तिको संरचना, श्रमिक आपूर्तिको स्थिति, श्रमबजार, मुद्रास्फीतिले औद्योगिक सम्बन्धमा प्रभाव पारेको हुन्छ । यस्तै सामाजिक तत्वहरू अन्तर्गत समाजको मूल्य, मान्यता, संस्कृतिले संस्थाभित्रको मान्यतामा प्रभाव पार्छ । बढ्दो प्रविधिको विकासले श्रमिक कर्मचारीको रोजगारी कटौती हुँदै गएको र यसले रोजगारीका अवसरहरूलाई संकुचन गरिरहेको छ र यसले औद्योगिक सम्बन्धको विकासमा व्यवधान खडा गरिरहेको छ । यस्तै संस्थाभित्र व्यवस्थापक र कर्मचारीहरूको मनोवैज्ञानिक पक्षले प्रभावित गरिरहेको हुन्छ ।


यस्तै मुलुकको विद्यमान राजनीतिक स्थिति, संक्रमणकालीन अवस्था, मूल्य-मान्यतामा भइरहेको परिवर्तन आदिले पनि संस्थाभित्र सम्बन्ध खलबल्याइरहेको हुन्छ । विश्वव्यापी पुँजीवादी अर्थनीति, जसलाई नवउदारवादी अर्थनीति भनिन्छ, यसले अत्यधिक मात्रामा श्रम शोषणको मात्रा बढाउँदै लगेको छ । यसअन्तर्गत हायर एन्ड फायर, नो वर्क नो पे, आउट सोर्सिङजस्ता नीति अगाडि सारिएको सन्दर्भमा यसले संस्थाभित्र औद्योगिक सम्बन्धको विकासमा थप चुनौती खडा गरिदिएको छ ।

संस्थाको अग्रगति र प्रगतिका साथै औद्योगिक सम्बन्धको विकासका लागि युनियन-व्यवस्थापनबीचको आपसी सम्बन्ध व्यवस्थित र सुमधुर हुनुपर्छ । संस्थाभित्र व्यवस्थापन र युनियन दुवैको अस्तित्व र भूमिका अपरिहार्य छ । यीमध्ये कुनै एकको अभावमावा एक पक्षलाई अर्को पक्षले नजरअन्दाजवा बेवास्ता गर्ने हो भने संस्थाको अस्तित्व र भविष्य नै समाप्त हुन्छ ।

अतः यी दुई पक्षबीचको सम्बन्धलाई व्यवस्थित र सुमधुर बनाउन प्रथमतःदुवैले एक-अर्काको अस्तित्व र भूमिकालाई सम्मान गर्दै तदनुरूप उत्पन्न समस्यालाई आपसी संवादर सहमतिका माध्यमबाट समाधान गरिनुपर्छ । व्यवस्थापनबाट सदैव स्वच्छ, निष्पक्ष र तटस्थ भएर युनियनहरूसँग गरिने व्यवहार र आपसी सम्बन्धले स्वाभाविक रूपमा सम्बन्ध सुधारमा विकास हुन्छ, यस्तै राज्य, सरकार र नीति निर्माताहरू, राजनीतिज्ञहरूको पनि श्रमिकवर्ग र तिनको प्रतिनिधिमूलक ट्रेड युनियनहरूप्रति सकारात्मक सोचका साथै उनीहरूको भूमिकालाई आत्मसात् गर्न श्रमिकमैत्री वातावरण सिर्जना गर्न तदनुरूप नीति, नियम, कानुनको तर्जुमा, अनुगमन विस्तार गर्न जरुरी छ । यस्तै युनियनहरूकाबीचमा पनि साझा सरोकारका विषयमा आपसी सहकार्य गरी एकले अर्काको अस्तित्वलाई स्वीकार गरी हातेमालो गर्दै साझा हित र संस्थाको प्रगतिमा इमानदारिताका साथ अगाडि बढ्नसके समग्रमा औद्योगिक सम्बन्धको विकासको आधार तयार भई संस्थाले परिलक्षित उद्देश्य हासिल गर्ने विषयमा विश्वास लिन सकिन्छ ।

# डिम्याट खाता, सूचना सम्प्रेषण र सचेतना

**वर्षभरिको सेयर कारोबारमा भएको नाफा नोक्सानको एकमुस्ट विवरणबाट लगानीकर्ताले तिर्नुपर्ने र अग्रिम रूपमा बढी तिरेको भए फिर्ता पाउने र कम तिरेको भए तिर्नुपर्ने व्यवस्था गर्न सकिन्छ ।**



रवीन्द्र भट्टराई

मेरो म्यासेज बक्समा एक लगानीकर्ताको जिज्ञासा आयो । उनी सोध्दै थिए, मेरो फोन नम्बर परिवर्तन भयो, म डिम्याट खातामा सच्याउन चाहन्छु । के मेरो सेयर (डिम्याट खाता) लगइन गरेर आफैं अध्यावधिक गर्न सम्भव छ ? अर्को एक जिज्ञासुले त्यस्तै प्रकारको म्यासेज पठाए, मैले डिम्याट खाता खोल्दा अर्कै ठेगाना थियो, अहिले परिवर्तन भएको छ । के म मेरो सेयरमा आफैं सच्याउन सक्छु ?

लगानीकर्ताका यी जिज्ञासापछि तत्काल मैले आफ्नै डिम्याट खाता लगइन गरे र व्यक्तिगत विवरणमा चहारें । म मेरो आफ्नै पनि परिवर्तन भएको इमेल ठेगाना सच्याउन चाहन्थें ।

मलाई लागेको थियो, म ती कुरा आफैं सच्याउन सक्छु र अरूले पनि सजिलै अद्यावधिक गर्न सक्छन् । तर, जब मैले मेरो सेयर (डिम्याट खाता) लगइन गरें र व्यक्तिगत विवरणमा छिरे, त्यहाँ त्यस्तो कुनै विकल्प थिएन । बैंक खाताबाहेक अन्य विवरण परिवर्तन गर्न वा सच्याउन सकिने विकल्प पाइनँ ।

म इमेल ठेगानामा भएको परिवर्तन सच्याउन चाहन्थें, जसका लागि निक्षेप सदस्यलाई फोन, इमेल वा म्यासेज गर्न नपरोस्, जसका कारण केही समय पनि बचत गरौं । तर सच्याउन पाउने कुनै विकल्पै नभएपछि बाध्य भएर मैले निक्षेप सदस्यलाई फोन वा इमेल लेख्नुपऱ्यो, किनकि इमेल अद्यावधिक गरेसँगै मैले कम्पनीबाट आउने कतिपय सूचनाहरू प्राप्त गर्न सक्थें ।

डिम्याट खाताको व्यक्तिगत विवरणमा दौडेपछि मैले सोचें, के मानिसका सबै कुरा अपरिवर्तन छन् ? अवश्य पनि छैनन् । उसो भए हामी प्राविधिक रूपमा सजिलो किन बनाउन सक्दैनौं ? र बारम्बार सानातिना कुरामा लगानीकर्तालाई व्यक्तिगत विवरण अद्यावधिक गर भनेर पत्रिकामा सूचना निकाल्छौं अनि तनाव दिन्छौं ? धेरै विकल्प हुँदा पनि अप्ठ्यारो विकल्पमा किन जान्छौं ? समस्या समाधानका धेरै विकल्प छन् भने सबैभन्दा सामान्य वा सजिलो विकल्पमा नगएर किन अप्ठ्यारा र समय लाग्ने विकल्प रोजिरहेका छौं ?

हाम्रो व्यक्तिगत जीवनसँग जोडिएका कतिपय कुरा यस्ता हुन्छन्, जुन सधैं अपरिवर्तनशील भएर बस्न सक्दैनन् भने कतिपय परिवर्तन नै गर्न सकिँदैन । जस्तो– जन्म मिति, बाबु, बाजे, आमा, बज्यै परिवर्तन गर्न सकिँदैन तर नाममा गल्ती भए सच्याउन सकिन्छ । कतिपय बारम्बार हैन, कहिलेकाहीं परिवर्तन हुन सक्छ, जस्तो– नाम, प्यान नम्बर । कतिपय विवरण परिवर्तन भइरहन पनि सक्छन्, जस्तो– इमेल ठेगाना, बसोबास ठेगाना, बैंक खाता, फोन नम्बर, पेसा, व्यवसाय, आम्दानी आदि ।

व्यक्तिगत विवरणका यस्ता कुरालाई सीडीएस कम्पनीले तीन भागमा राखेर अनलाइनमार्फत प्रयोगकर्ता आफैंले अद्यावधिक गर्न सक्ने विकल्पहरू प्रदान गर्नुपर्छ । जस्तो– आफैं परिवर्तन गर्न सक्ने, फोन गरेर वा निक्षेप सदस्यलाई सम्पर्क गरेर मात्र सच्याउन सक्ने र परिवर्तन नै नहुने गरी विवरणलाई तीन प्रकारमा छुट्टयाएर प्राविधिक रूपमा मेरो सेयरलाई सुधार गर्नुपर्ने देखिन्छ, जसले गर्दा मानिसको समय बचोस् र सहज होस् । यसरी सच्याइसकेपछि ग्राहकको इमेलमा विवरण सच्चेको इमेल जाओस् वा फोनमा म्यासेज जाओस्, जसले गर्दा कसैले दुरुपयोग गर्नबाट ग्राहक बचून् ।

यस्तै अर्को महत्वपूर्ण कुरा, डिम्याट खातामा भएका क्रियाकलापको सूचना खातावालालाई इमेलमार्फत जानकारी गराउने विकल्प थप हुन आवश्यक छ । जस्तो– बोनस सेयर खातामा आउँदा, हकप्रद आउँदा वा प्राथमिक निष्कासनको सेयर खातामा जम्मा हुँदा होस् वा दोस्रो बजारबाट सेयर किनबेच गर्दा थपिने र घटाइने काम हुनासाथ ग्राहकको इमेलमा स्वतः सूचना जाने व्यवस्था गरिनुपर्छ । यसले खातावाला वा लगानीकर्तालाई एक प्रकारले चलायमान वा सक्रिय बनाउँछ र लगानीप्रति आकर्षित पनि गर्छ अनि लगानीकर्ता सचेत पनि बन्दै जान्छन् । उनीहरूले इमेलमा आएका शब्दहरू बुझ्ने प्रयास गर्छन् । यसले सेयर बजारका नवप्रवेशिका लागि एक प्रकारले अनौपचारिक वा अप्रत्यक्ष रूपमा वित्तीय शिक्षा दिने काम पनि गरिरहेको हुन्छ ।

लगानीकर्ताले थाहा पाउनुपर्ने अर्को महत्वपूर्ण सूचना कम्पनीले जारी गर्ने हकप्रद सेयर निष्कासनको हो । जस्तो– मेरो सेयर लगइन गरेर हकप्रदको आवेदन दिन सकिन्छ तर त्यसका लागि कुन कम्पनीले हकप्रद सेयर जारी गऱ्यो भनेर डिम्याट खाता बारम्बार चिहाइरहनुपर्छ । धेरैले अनलाइन युजर नेम र पासवर्ड नलिएको पनि हुन सक्छ । यस्तै सूचना थाहा पाउन अर्को विकल्प पत्रपत्रिका हेरिरहनुपर्छ । यसका लागि कुनै कम्पनीले हकप्रद सेयरको आवेदन खोलेमा सीडीएसले मेरो सेयरमा राख्नासाथ त्यो कम्पनीको सेयर हुनेलाई मात्र सिस्टमले छानेर छोटो विवरण जस्तो हकप्रदको अनुपात, खुलेको मिति र अन्तिम मितिसहितको विवरण स्वतः इमेलमा जाने बनाउन आवश्यक छ, जसले मानिसलाई आफ्नो लगानीप्रति सचेत रहन, हकप्रद सेयर रिनाउन्सको अनियमितता कम गर्न तथा कम्पनीलाई पैसा उठाउन पनि सहज हुन्छ । यस प्रकारले सूचना सम्प्रेषणले इमेलको प्रयोग बढ्ने र संस्थाहरूलाई सूचना प्रवाह गर्न सजिलो बन्छ । अहिलेको समयमा हामीले जतिसक्दो बढी मानिसलाई इमेलको प्रयोग गर्न प्रोत्साहित गर्न र उनीहरूको व्यक्तिगत विवरणको सुरक्षा दिन आवश्यक छ । यस्तै सम्पूर्ण लगानीकर्ताले पालना गर्नुपर्ने कानुनी परिवर्तनका बारेमा लगानीकर्तालाई सूचित गर्न धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्जले सीडीएसको प्लेटफर्म प्रयोग गर्न सक्छन् । जस्तो– पुँजीगत लाभकरमा भएको परिवर्तन, व्यक्तिगत विवरणमा कुनै विवरण अद्यावधिक गर्नुपर्ने कानुनी परिवर्तन भए, कमिसनका दर परिवर्तन भए आदि । जस्तो धितोपत्र बोर्डले भर्खरै स्थानीयवासीले सेयर आवेदन दिँदा पनि आस्बाको प्रयोग गर्नेुपर्ने सूचना सार्वजनिक गरेको छ । यो सूचना डिम्याटमा दर्ता भएका सम्पूर्ण खातावालालाई उनीहरूको इमेलमार्फत सूचित किन नगर्ने भन्ने हुन्छ । यदि हामीले डिम्याट खाता खोल्दै खातावालाले यस्ता सूचना इमेल मार्फत पाउने मन्जुरी वा स्वीकृति लियौं भने ठूलो समूहलाई एकैपटकमा यस्ता सूचना सम्प्रेषण गर्न सक्छौं ।

यस्तै यही प्लेटफर्ममार्फत सञ्चालकको अनलाइन चुनावको व्यवस्था गर्न सकिन्छ, जसले सञ्चालकको चुनावमा हुने भोटको किनबेच, अनियमितता हटाई कम्पनीको चुनावी लागत पनि कम गर्न सकिन्छ ।

अर्को महत्वपूर्ण कुरा बजार, नियामक र सरकारलाई आवश्यक पर्ने लगानीकर्ताको व्यवहारको विश्लेषण पनि यहाँबाट गर्न सकिन्छ । जस्तो– कति मानिसले एउटा मात्र डिम्याट खाता खोलेका छन्, कतिले दुइटा खाता खोलेका छन् । कति व्यक्तिगत र कति संस्थागत लगानीकर्ता छन् भन्ने तथ्यांकबाट वास्तविक लगानीकर्ताको संख्या यकिन गर्न सजिलो हुन्छ । यस्तै लगानीकर्ताको डिम्याट खातामा भएको सेयरको परिवर्तनसँगै कति प्रतिशत लगानीकर्ताहरू कारोबारमा संलग्न छन् र कति निष्क्रिय रूपमा बसेका वा लामो समय होल्ड गर्छन् भन्ने तथ्यांक केलाउनका लागि पनि डिम्याट सिस्टमको प्रयोग गर्न सकिन्छ ।

डिम्याट खाताबाटै लगानीकर्ताले सरकारलाई तिर्ने करमा पनि पारदर्शिता कायम गर्न सकिन्छ । जस्तो– लगानीकर्ताले पाएको हकप्रद, बोनस, एफपीओ, दोस्रो बजारबाट खरिद गरेको सबै सेयरको औसत खरिद मूल्य निर्धारण गरी बिक्री गरेको सेयरबाट वास्तविक नाफा नोक्सान कायम गरी कर निर्धारण गर्न सकिन्छ । यसरी निर्धारण गरेको लागतलाई औसत लागत आधार (एभरेज कस्ट बेस) पनि भनिन्छ । वर्षभरिको सेयर कारोबारमा भएको नाफा नोक्सानको एकमुस्ट विवरणबाट लगानीकर्ताले तिर्नुपर्ने र अग्रिम रूपमा बढी तिरेको भए फिर्ता पाउने र कम तिरेको भए तिर्नुपर्ने व्यवस्था गर्न सकिन्छ । यस्ता विवरणसहितको लगानीकर्ताको खातालाई सरकारले प्रत्यक्ष रूपमा कर कार्यालयसँग जोड्न पनि सक्छ ।

यस्तै आस्बामार्फत सेयर भर्न सकिने व्यवस्था छ, तर सोही पेजमा ती कम्पनीको विवरणपत्र डाउनलोड गर्न सकिने व्यवस्था छैन । विवरण पत्र कम्पनीको सेयर निष्कासनको महत्वपूर्ण दस्तावेज हो । तर विवरण पत्र खोज्न अर्कैतिर जानुपर्छ । कम्पनीबाट शुल्क लिएर विवरण पत्र पनि सँगै राखेर डाउनलोड गर्न सकिने व्यवस्था भए सुनमा सुगन्ध हुने थियो ।

यस्तै धूम्रपान स्वास्थ्यका लागि हानिकारक छ भन्ने सतर्कताको सन्देश चुरोट, खैनीका बट्टाहरूमा प्रयोग गरिए जस्तै सेयर लगानीमा पनि सतर्कताको सूचना अनिवार्य गर्नु आवश्यक छ, जस्तो सेयरमा गरिने लगानी जोखिमपूर्ण छ । लगानी गर्नुअघि कम्पनीका विवरणहरू पढेर लगानी निर्णय गर्नुहुन अनुरोध छ । यस्तो सन्देश हरेक प्राथमिक तथा थप निष्कासनमा अनिवार्य राख्नुपर्ने व्यवस्था गर्नुपर्छ भने सेयर व्यवसायी जस्तो ब्रोकर, मर्चेन्ट बैंकको कार्यालयमा पनि देखिने गरी अनिवार्य राख्नुपर्ने व्यवस्था धितोपत्र बोर्डले गर्नुपर्छ । यस्ता सन्देशले लगानी निरुत्साहित गर्ने नभई लगानीकर्तालाई लगानीमा हुने जोखिमप्रति सचेत गराउनेछ ।

*(भट्टराई सेयर बजार विश्लेषक हुन् ।)*

# ट्रम्पविरूद्धको महाभियोगसम्बन्धी प्रस्ताव सिनेटमा अघि बढ्ने



**वासिङ्टन/एजेन्सी–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको महाभियोगसम्बन्धी प्रस्ताव एक हप्ताभित्र सिनेटमा अघि बढाइने भएको छ। आगामी सात दिनभित्रमा सो प्रस्ताव अघि बढ्ने समाचारमा जनाइएको छ । त्यसका बुधबार अमेरिकी संसद्को तल्लो सदन हाउस अफ रिप्रेजेन्टेटिभले लगाएको उनीमाथिको महाभियोगसम्बन्धी जानकारी सिनेटमा पठाइने छ । सिनेट अमेरिकी संसद्को माथिल्लो सदन हो । त्यहाँ १०० जना सांसद रहने छन् । उनीहरुले दुई तिहाइ बहुमतबाट राष्ट्रपति ट्रम्पलाई महाभियोग लगाउन सक्नेछन् ।

यस महाभियोग प्रस्तावमाथिको समग्र प्रक्रियाको नेतृत्व अमेरिकाका प्रधानन्यायाधीशले गर्नेछन् । कानुनी प्रावधान अनुरुप नै उनलाई पनि यस विषयमा सहभागी गराइने छ र त्यो प्रक्रिया यसैहप्ताबाट नै शुरु हुने पनि सिनेटका एकजना अधिकारीले जानकारी दिएका छन् । यसै हप्ताको बिहीबार अथवा शुक्रबारसम्ममा अमेरिकाको सर्वोच्च अदालतका प्रधानन्यायाधीश जोन रोबर्टले सिनेटमा हुने यससम्बन्धी महाभियोग प्रक्रियाको अध्यक्षताको सपथ लिने कार्यक्रम छ । यस महाभियोग प्रक्रियाको अध्यक्षता अमेरिकी सर्वोच्च अदालतका प्रधानन्यायाधीशले ग्रहण गर्ने कानुनी प्रावधान रहेको छ । यसरी यो महाभियोगमा मतदान हुनु अगाडि नै केही प्रक्रिया रहने छन् ।

ती प्रक्रिया पूरा गर्दा त्यस्तै आगामी फेब्रुअरी महिनाको अन्त्यसम्ममा लाग्ने बताइएको छ । सिनेटका अधिकारीले यसै हप्ताबाट नै उनका विरुद्धको महाभियोगको प्रक्रिया प्रारम्भ हुने जानकारी गराएका हुन् । यसअघि गत महिनामात्र अमेरिकी संसदको तल्लो सदन हाउस अफ रेप्रेजेन्टेटिभ्सले ट्रम्पले आफ्नो शक्तिको दुरुपयोग गरेको भन्ने आरोपको पक्षमा मतदान गरेको थियो । त्यो ट्रम्पविरुद्धका दुई महाभियोगका आरोपमध्येको एउटा थियो । त्यस महाभियोग प्रस्तावमा भएको मतदानमा महाभियोग लगाउने पक्षमा २३० मत परेको थियो भने विपक्षमा १९७ मत परेको थियो । अमेरिकी राजनीतिक पार्टीको एजेण्डाअनुरुप नै मत खसेको बताइएको थियो ।

उक्त प्रस्तावमा अधिकांश डेमोक्र्याट सदस्यले आरोपको पक्षमा र रिपब्लिकनले आरोपको विपक्षमा मत हालेका थिए । राष्ट्रपति ट्रम्पले अब महाभियोगको दोस्रो आरोपका रूपमा रहेको कंग्रेसलाई अवरुद्ध तुल्याएको विषयमा पनि मतदानको सामना गर्नुपर्ने देखिन्छ । डोनाल्ड ट्रम्प अमेरिकी संसद्को तल्लो सदन हाउस अफ रेप्रेजेन्टेटिभ्सबाट महाभियोग लगाइएका तेस्रो अमेरिकी राष्ट्रपति बनेका छन् । उक्त मुद्दा माथिल्लो सदन सिनेटमा प्रवेश गरेपछि गरिने महाभियोगको प्रस्तावमाथिको मतदानले उनी राष्ट्रपति रहने वा नरहने भन्नेबारेसमेत निर्णय गर्नेछ ।

# हिमपात र वर्षाका कारण ६२ जनाको मृत्यु



**इस्लामावाद/एजेन्सी–** पाकिस्तान नियन्त्रित काश्मिर क्षेत्रमा वर्षा र हिमपातसँगै भएका घटनामा परी कम्तीमा ६२ जनाको मृत्यु भएको छ । घटनाका कारण अरु ५३ जना घाइते भएका र २८ जना हराइरहेका अधिकारीले मंगलबार जानकारी दिएका छन् । उनीहरुका अनुसार कुल ५८ ओटा घर पूर्णरुपमा क्षतिग्रस्त भएका छन् भने अरु ८२ ओटा घरमा पनि आंशिक क्षति भएको छ ।

प्रकोप व्यवस्थापन कार्यालयका अधिकारीले घटनास्थलबाट थप विवरण आउने क्रम जारी रहेको र खोजी तथा उद्धार कार्य भइरहेको जनाएका छन् । देशको निलम उपत्यकामा सबैभन्दा धेरै हिमपात र वर्षाको असर परेको छ । त्यस क्षेत्रमा मात्रै ५९ जनाको मृत्यु भएको अधिकारीले बताएका छन् । उनीहरुका अनुसार निलम उपत्यकामा मात्रै ५३ जना घाइते भएका छन् भने ५० भन्दाबढी घर क्षतिग्रस्त भएका छन् । हराइरहेका २८ जनाको पनि खोजी भइरहेको जनाइएको प्रकोप व्यवस्थापन कार्यालयका अहमद राजा क्वाद्रीले जानकारी दिए । उनले मृत्यु हुनेको संख्या अझ बढ्न सक्ने पनि बताए ।

काश्मिरमा कैयौँ हिउँपहिरो गएका विवरण आएको उनको भनाइ छ । वर्षा र हिमपात भएको क्षेत्रका प्रमुख सडक र सञ्चार पूर्वाधार अवरुद्ध भएका छन् । कैयौँ मानिस विभिन्न ठाउँमा फसेको जनाइएको छ । उक्त क्षेत्रमा विगतमा पनि बेला बेलामा प्राकृतिक विपद् आइपरिरहने भएपनि यसपटकको विपद् निकै घातक भएको छ । खराब मौसमले पाकिस्तानका अन्य भागमा दर्जनौँको ज्यान गएको र छिमेकी मुलुक भारत, अफगानिस्तानलगायतका देशमा पनि प्रभाव परेको समाचारमा जनाइएको छ ।

# आयरल्याण्डका प्रधानमन्त्रीद्वारा आमनिर्वाचन आह्वान

**डब्लिन/एजेन्सी–** आयरल्याण्डका प्रधानमन्त्री लिओ भाराद्कारले आमनिर्वाचन आह्वान गरेका छन् । आगामी फेब्रुअरी ८ मा उनले मंगलबार आमनिर्वाचन आह्वान गरेका समाचारमा जनाइएको छ । आयरल्याण्डको सरकारी सञ्चार कार्यालयद्वारा जारी वक्तव्यकाअनुसार प्रधानमन्त्री भाराद्कारले आमनिर्वाचन आह्वान गरिएको मितिका बारेमा मन्त्रिपरिषद्लाई पनि जानकारी गराइसकेका छन् ।

उनले निर्वाचन आह्वान गर्दै निर्वाचनको मिति घोषणा गर्न र निर्वाचनका लागि तल्लो सदन विघटन गर्न राष्ट्रपति मिचेल डी हिग्गीन्ससँग पनि परामर्श गरेका वक्तव्यमा जनाइएको छ । दुवै जनाको परामर्शका आधारमा मंगलबार अवेर राष्ट्रपति हिग्गीन्सले संसद् विघटन गर्ने घोषणामा हस्ताक्षर पनि गरेका छ ।

# जर्मनीद्वारा लिबियासम्बन्धी सम्मेलनको आयोजना



**बर्लिन/एजेन्सी–** जर्मनीले लिबियामा जारी संकट समाधानका लागि प्रमुख सरोकारवाला राष्ट्रका बीचमा सम्मेलनको आयोजना गरेको छ । सम्मेलन आगामी आइतबार हुने जर्मनीको संघीय सरकारका अधिकारीले मंगलबार जानकारी दिएका छन् । उनीहरुका अनुसार सम्मेलनमा अमेरिका, रुस, बेलायत, फ्रान्स, चीन र संयुक्त अरब इमिरेट्स (युएई), टर्की, गणतन्त्र कंगो, इटाली, इजिप्ट र अल्जेरियाका प्रतिनिधि सहभागी हुनेछन् ।

त्यसैगरी संयुक्त राष्ट्रसंघ, युरोपेली संघ, अफ्रिकन युनियन र अरब लिगलगायतका संघ संस्थाका प्रतिनिधि पनि सम्मेलनमा सहभागी हुने जर्मनीका सरकारी अधिकारीले जारी गरेको वक्तव्यमा जनाइएको छ । वक्तव्यका अनुसार जर्मन चान्सलर एञ्जेला मर्केलले संयुक्त राष्ट्रसंघका महासचिव एन्टेनियो गुटेर्रेससँग परामर्श गरेर सम्मेलनको आयोजना गरेका हुन् ।

'लिबियाको सङ्कट समाधानका लागि राष्ट्रसंघीय महासचिव गुटेर्रेस, लिबियाका लागि राष्ट्रसंघीय विषेश प्रतिनिधि घस्सान सलामलाई सघाउने उद्देश्यले नै आगामी आइतबार बर्लिनमा हुनेगरी जर्मन चान्सलर एञ्जेल मर्केलले सम्मेलनको आयोजना गर्नु भएको हो,' जर्मन सरकारका प्रवक्ता सामाजिक सञ्जाल ट्वीटरमा लेखेका छन् ।

# चीनलाई साइको चेतावनी



**ताइवान/एजेन्सी–** ताइवानकी राष्ट्रपति साइ इंग-वेनले यथार्थको सामना गरेर चीनले आफ्नो देशलाई सम्मान गर्नुपर्ने र इज्जत दिनुपर्ने बताएकी छिन् । चीनले ताइवानमाथि कुनै किसिमको आक्रमण गरेमा त्यसको महंगो मूल्य चुकाउनु पर्ने चेतावनी राष्ट्रपति साइले दिएकी छन् । डेमोक्र्याटिक प्रोगेसिभ पार्टीकी साइ गएको शनिबार भारी मतसहित पुनः ताइवानको राष्ट्रपतिमा निर्वाचित भएकी हुन् ।

चुनावी अभियानको क्रममा उनले चीनबाट ताइवान र ताइवानका बासिन्दामाथि बढ्दै गएको खतराप्रति सचेत गराएकी थिइन् । चीनले ताइवानलाई आफ्नो देशको हिस्सा रहेको दाबी गर्दै आएको छ । चीनको कम्युनिष्ट पार्टीले आवश्यक परेमा सैन्य शक्ति प्रयोग गरेर ताइवान लिने अधिकार पनि आफूसँग रहेको बताउने गरेको छ । तर साइले भने ताइवान सार्वभौम सम्प्रभूतायुक्त स्वतन्त्र देश रहेको बताउने गरेकी छन् । ६३ वर्षिया साइले हामी आफैले स्वतन्त्र भनिरहनु जरुरी नभएको जनाउँदै ताइवान पहिला नै स्वतन्त्र राष्ट्र रहेको जनाएकी छन् ।

उनले दिएका यस्ता अभिव्यक्तिले बेइजिङलाई क्रुद्ध बनाउन सक्छ जसले 'एक चीन' नीतिलाई समर्थन गर्न उम्मेदवार खान ग्वो यीलाई राष्ट्रपतीय चुनावमा समर्थन गरेको थियो । उनको दल चिनियाँ गृहयुद्धमा पराजित राष्ट्रवादीहरूद्वारा गठित पार्टी हो जसलाई चीनबाट भागेर ताइवान पुगेकाहरूले गठन गरेका थिए । उनीहरूले ताइवानलाई बृहत्तर चीनको एउटा हिस्साका रूपमा हेर्दै आएका छन् ।

बेइजिङले आर्थिक सम्बन्ध निर्माणका लागि ताइवानले चिनियाँ सार्वभौमसत्तालाई स्वीकार्नु पूर्वशर्तको रूपमा रहेकोमा जोड दिँदै आएको छ । तर यो कुरा स्पष्ट छ कि साइलाई आफ्नो जितले 'एक चीन' नीतिप्रति मानिसहरूको न्यून लगाएको रहेको देखाएको विश्वास छ । 'स्थितिमा अहिले परिवर्तन आएको छ,' उनले भनिन्, 'ताइवानको हैसियत बारेको बेइजिङको अस्पष्ट नीतिले उसको स्वार्थलाई फाइदा पुऱ्याउँदैन ।' उनले भनेकी छन्, 'चीनले अतिक्रमण गर्न खोजे उसलाई त्यो निकै महँगो साबित हुनेछ ।' र, चीन पनि एकदमै बदलिसकेको राष्ट्रपति साइको विश्वास छ । उक्त समारोहमा उनले हङ्कङमा जारी तनावबारे पनि चर्चा गरिन् ।


## साउदीमा रोजगारको अवसर | कम्पनी : AHMED M. ALOMAIR SONS CO. शहर : KSA

पूर्व स्वीकृत मिति: २०७६/१०/१५ चलानी नं.: ६०१५०१२५ L.T. No.: 230780

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Labor | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३०,१५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Truck Driver | 4 | 0 | | 1900 | ५७,२८५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा माघ ९ गते (23 Jan. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिषा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत नं. ८६२/०६६/०६७

**माउण्ट कञ्चन इन्टरनेशनल प्रा. लि.**
पि.ओ.बक्स: ८९७५, इ.पि.सि. ८१३, पिङ्गलास्थान-९,गौशाला
फोन: ४४८१०४१, ४४९९०९४
Email: info@mountkanchan.com.np | Website: mountkanchan.com

## UAE मा रोजगारको अवसर | कम्पनी: TRANSGUARD GROUP L.L.C. शहर: DUBAI

पुर्व स्वीकृत मिति: २०७५/१२/०४ पुन स्वीकृत मिति: २०७६/१०/०१ चलानी नं.: ६०१३८३०६ पून चलानी नं.: ६४४ L.T. No.: 218356

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Porters | 260 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३०,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | General Cleaner | 162 | 0 | | 800 | २४,६४० | | | | | | | |

अन्तर्वार्ता होटल बाजेको सेकुवा, पोखरा, कास्कीमा माघ ८ र २२ गते (22 Jan. & 5 Feb. 2020) मा
होटल रेड कार्पेट चितवनमा माघ ९ र २३ गते (23 Jan. & 6 Feb. 2020) मा
होटल मेरिडियन बुटवल, रुपन्देहीमा माघ १० र २५ गते (24 Jan. & 8 Feb. 2020) मा
गौतम बुद्ध होटल, तौलिहवा, कपिलवस्तुमा माघ ११ र २५ गते (25 Jan. & 8 Feb. 2020) मा
होटल मान्तवात इन विर्तामोड, झापामा माघ १४ र २७ गते (28 Jan. & 10 Feb. 2020) मा
पुर्वाञ्चल ट्रेनिङ सेन्टर दमक, झापामा माघ १५ र २८ गते (29 Jan. & 11 Feb. 2020) मा
होटल लण्डन इटहरी सुनसरीमा माघ १६ र २९ गते (30 Jan. & 12 Feb. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत नं.: ८४१/०६६/०६७

**देवान कन्सल्ट्यान्ट्स प्रा.लि.**
पो.ब.नं. २१२२३, बत्तिसपुतली, गौशाला, काठमाडौं (क्यापिटल मर्चेन्ट बैकको ठिक पछाडी)
फोन: ०१-४४८२९०१, ४४८२९०२, ४४८२९०३,

## UAE मा वैदेशिक रोजगार | कम्पनी : KAZAN BEAUTY शहर : UAE

पूर्व स्वीकृत मिति: २०७६/१०/०१ चलानी नं.: ६०१५०१२९ LT. No.: 230556

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hair Styalist | 0 | 1 | स. काममा दक्ष | 1500 | ४६,२०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Manicurist | 0 | 2 | | 1500 | ४६,२०० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा माघ ९ गते (23 Jan. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Frontline Recruitment
**Frontline Recruitment Pvt. Ltd.**
श्रम इजाजत पत्र नं.: ८८६/०६७/०६८
Kalimatidol, Kathmandu, Nepal, P.o.box:13708, Tel No:01-4493645,4493646
Fax:+977-01-4493647, Mob: 9803881610, 9841094011, 9841831240
Email:info@manpoweragencynepal.com

## UAE मा SECURITY GUARD हरुलाई रोजगार

कम्पनी: GLOBAL SECURITY SERVICES GROUP, ABU DHABI

पूर्व स्वीकृत मिति: २०७६/०४/०५ पून स्वीकृत मिति: २०७६/१०/०१ चलानी नं.: ६०१४२०१४ पून चलानी नं.: ६४७ LT. No.: 222474

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 199 | 0 | स. काममा दक्ष | 2000 | ६१,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

★ कम्तीमा SLC पास साथै English भाषा राम्रो सँग लेख्न, बोल्न र पढ्न सक्ने हुनुपर्नेछ ।
★ उमेर २२ बर्ष देखि ३७ बर्ष ननाघेको र उचाई ५ फिट ७ ईन्च भन्दा माथि हुनुपर्नेछ ।
★ Army, Police & APF मा कम्तिमा ५ वर्षको अनुभव भएकाहरुले मात्र अन्तर्वार्ता दिन सकिनेछ ।

Basic Salary AED 2000 र Overtime Allowance AED 1000 सहित AED 3000 (ने रू. ९२,४00) भन्दा माथि कमाउन सकिनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

अन्तर्वार्ता म्यारीट होटल, नक्साल, काठमाडौंमा माघ १० गते (24 Jan. 2020) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**SUNERA NEPAL INCORPORATED PVT. LTD.**
Govt. Lic No.: 367/059/060
Post Box No: 19023, Maharajgunj- 03, Basundhara Kathmandu
Tel.: 01-4380852 01-4387467, 9801907630 9801907631 9801907632, 9851002973
Email ID: info@suneranepal.com, Website: www.suneranepal.com

## साउदीमा रोजगार | कम्पनी : ABDULHAKEEM M. AL SAMAANI& SONS CO. TRADING CONTRACTING शहर: SAUDI

पुर्व स्वीकृत मिति: २०७६/१०/०१ चलानी नं.: ६०१५०१३२ L.T. No.: 230505

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Factor | 6 | 0 | स. काममा दक्ष | 1000 | ३०,१५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा माघ ९ गते (23 Jan. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Al Taaz International Pvt. Ltd.**
Gov. Lic. No. 1251/074/075
G.P.O Box No: 179, Basundhara, Kathmandu, Tel : 5905101, 5905102, 9801147158, 9801147202, 9801147203
Fax No: 4350995, E-mail: altaaznepal@gmail.com, Web.: www.altaazintl.com.np

## मलेसियामा रोजगारको अवसर | कम्पनी : YOU SECURITY SDN BHD. शहर : SELANGOR

पूर्व स्वीकृत मिति: २०७६/०९/२९ चलानी नं.: ६०१५००७६ LT. No.: 228600

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 25 | 0 | स. काममा दक्ष | 1100 | ३०,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा माघ ९ गते (23 Jan. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**DITYA INTERNATIONAL PVT. LTD.**
श्रम ई. पत्र नं.: ११७१/०७३/०७४
Sinamanga-9, Manpower Bazar, Kathmandu, Tel.: 4492260
Mob.: 9823729649. 9808822566 .9808763291
E-mail : dityainternational1171@gmail.com, Web.: www.dityainternational.com

# बक्स अफिस समाचार

## ‘हाम्रो सेल्फी किङ कन्टेस्ट’

**मध्यान्ह संवाददाता**
काठमाडौं, १ माघ

चलचित्र ‘सेल्फी किङ’ ले ‘हाम्रो सेल्फी किङ कन्टेस्ट’ प्रतियोगिता आयोजना गरेको छ । केहीदिन अगाडि ट्रेलर सार्वजनिक भएसँगै सबैतिरबाट राम्रो प्रतिक्रिया पाइरहेको ‘सेल्फी किङ’ले दर्शकहरुमाझ फिल्मको हाइप बढाउन ‘हाम्रो सेल्फी किङ कन्टेस्ट’प्रतियोगिता ल्याएको छ । फिल्मको प्रचार र नवप्रतिभालाई अभिनयको अवसरस्वरूप ‘हाम्रो सेल्फी किङ कन्टेस्ट’ प्रतियोगिता आयोजना गर्न लागेको निर्माण टिमले बताएको छ ।




निर्माण युनिटले पपुलर एप हाम्रो पात्रोसँगको सहकार्यमा ‘हाम्रो सेल्फी किङ कन्टेस्ट’ ल्याएको हो । ह्युमर र कमेडी हाउभाउमा खिचिएको सेल्फीमा आफ्नो तस्बिर खिचेर इच्छुक सहभागीहरुले हाम्रो कम्युनिटी मार्फत आफ्नो सेल्फी पोष्ट गर्न सक्नेछन् । पोष्ट गरिएको सेल्फीमा सहभागीले मेकअपको प्रयोग समेत गर्न सक्नेछन् । पोष्ट गरिएका सेल्फीहरु मध्ये विजेता छनोट गर्दा अनिवार्य कमेडी हाउभाउमै खिचिएका सेल्फीलाई प्राथमिकता दिइनेछ। त्यसरी खिचिएका तस्बिर हरुमा आएका अत्याधिक लाइक र कमेन्टसँगै ‘सेल्फी किङ’ निर्माण टिमले विजेता छनोट गर्नेछ। माघ ५ देखि माघ २० सम्म सहभागिता जनाउन सकिने यस प्रतियोगिताको विजेताको घोषणा माघ २१ गते हाम्रो पात्रो मार्फत गरिनेछ ।

प्रतियोगिताका विजेतालाई कलाकार तथा निर्देशक अनुप बरालको एक्टर्स स्टुडियोमा ३ महिनाको अभिनय तालिमको छात्रवृति प्रदान गरिनेछ भने अन्य १० जनालाई सान्त्वना पुरस्कार स्वरूप प्रिमियरको पास जनही २ वटाको दरले उपलब्ध गराइनेछ । प्रतियोगिताले ‘सेल्फी किङ’ झैं कलाकार बन्ने सपना बोकेको व्यक्तिलाई सहयोग गर्नेमा निर्माता दिनेश राउत विश्वस्त छन्। यस किसिमको प्रतियोगिता र त्यसबाट कलाकार बन्न चाहनेलाई थोरै भएपनि लाभ पुग्ने कलाकार विपिन कार्की बताउँछन् ।

‘सेल्फी किङ’ टेलिभिजनमा कार्यरत एक प्रसिद्ध हास्यकलाकारको बिषयमा निर्माण भएको फिल्म हो। ओखलढुंगामा आफ्नो प्रस्तुति दिन जाने क्रममा ‘सेल्फी किङ’ उर्फ विपिनको जीवनमा आउने उतार चढावमा फिल्म केन्द्रित छ । चलचित्रमा लक्ष्मी बर्देवा विपिन कार्कीको श्रीमतीको भूमिकामा देखिएकी छिन् । आगामी २४ माघबाट प्रदर्शनमा आउने यो फिल्ममा भुवन चन्द, अभय बराल, लोकमणी सापकोटा, सविन बाँस्तोला, कमल देवकोटा, राजेश बिसुराल लगायतका कलाकारको अभिनय रहेको छ ।

विशाल सापकोटाको निर्देशन रहेको फिल्म दिनेश राउत र सुवास थापालेमिलेर बनाएका हुन् । फिल्ममा बिशालकै लेखन, सुसन प्रजापतिको छायाँकन, जीवन थापाको सम्पादन, सुवास भुषालको संगीत छ ।

## ‘लभ डायरिज’को टिजर सार्वजनिक

**काठमाडौं/मस** अभिनेता सुशिल श्रेष्ठ अभिनीत चलचित्र ‘लभ डायरिज’को टिजर सार्वजनिक भएको छ । सुशील र नवअभिनेत्री रुविना थापाको मुख्य भूमिका रहेने चलचित्रको टिजरमा प्रेम र विछोडको कथा देखाइएको छ । सो टिजरमा उनीहरुले बोलको प्रेमिल र वियोगान्त संवाद मन छुने छन् ।



दुईबीचको प्रेम, रोमान्स र विछोडका दृश्यहरु टिजरमा समावेश गरिएको छ । केही दिन अगाडि यो फिल्मको ‘छम छम’ बोलको गीत सार्वजनिक भएको थियो। टिकटकमा चर्चित ट्विनी गर्ल्स (प्रिष्मा खतिवडा र प्रिन्सी खतिवडा) र चर्चित बाल गायिका कमला घिमिरे फिचर्ड गीतलाई दर्शकबाट सकारात्मक प्रतिक्रियाहरु पाइरहँदा उत्साहित रहेको निर्माण टिम चाँडै ट्रेलर सार्वजनिक गर्ने तयारीमा छन् । यस फिल्मका निर्देशक सौरभ चौधरी हुन्। निर्देशक सौरभ अर्को वर्ष ‘पर्खि बसेँ २’ निर्देशन गर्दैछन् ।

प्रणय दिवसमा प्रदर्शन हुन लागेको फिल्ममा विश्वजित रिमाल, बिष्णु सापकोटा, अर्जुनजंग शाही, बिशाल पहारीलगायतका कलाकार हरुको अभिनय छ। युवा-युवतीबीचको माया-प्रेम र कमेडीलाई फिल्ममा समावेश गरिएको निर्देशक चौधरी बताउँछन्। फिल्म मनोरञ्जनात्मक मात्र नभएर सन्देशमुलक पनि रहेको उनको भनाइ छ । यो फिल्ममा विनोद सापकोटाको मुख्य लगानी रहेको छ। साहिल खान सह-निर्देशक रहेको फिल्म ‘लभ डायरिज’मा संजय लामाको छायांकन छ । त्यस्तै मिलन श्रेष्ठ र दिर्घ खड्काको सम्पादन रहेको यस चलचित्रमा कविराज गहतराजको कोरियोग्राफी र अर्जुन पोखरेलले संगीत भरेका छन् । फिल्ममा अभिनेता सुशीलले विदेशमा बसेर खाली मोजमस्तिमा तल्लिन हुने केटाको भूमिका निर्वाह गरेका छन् । यसै चलचित्रबाट रुबिनाले चलचित्र क्षेत्रमा डेब्यू गर्दैछिन्। उनी यो फिल्मलाई लिएर निकै आशावादी देखिएका छन्। ‘लभ डायरिज’ आउँदो फागुन २ गतेबाट प्रदर्शन हुँदैछ ।

## ‘लक्का जवान’को पहिलो गीत सार्वजनिक



**काठमाडौं/मस–** चलचित्र ‘लक्का जवान’को पहिलो गीत सार्वजनिक भएको छ। हाँस्यकलाकार शिवहरी पौडेलले निर्देशित कमेडी जनराको फिल्म ‘लक्का जवान’ को ‘मन त मेरो लक्का जवान’ बोलको गीत बुधबार राजधानीमा एक कार्यक्रमका बीच सार्वजनिक गरिएको हो ।

चलचित्रको टाइटल बोल्ने सो गीतमा बाबुल गिरीको संगीत र डिपी खनालको शब्द छ। गीतमा संगीतकार बाबुलसँगै मिना निरौलाले स्वर दिएका छन्। सो गीतको भिडियोमा कविराज गहतराजको कोरियोग्राफी रहेको छ। गीतको भिडियोमा फिल्मका सम्पूर्ण कलाकारलाई अटाइएको छ। किरण केसी, शिवहरी पौडेल, राजाराम पौडेल, दीलिप रायमाझी, प्रियंका कार्की, वर्षा सिवाकोटी, सलोन बस्नेत, सुशील पोखरेल, सरोज खनाल, अञ्जु महर्जनलगायतले गीतमा ठुम्का लगाएका छन्। गीतको अडियो र भिडियो दुवै औसत छ। ध्रुवदत्त र अनुसुयषा श्रेष्ठको प्रस्तुतीमा किरण केसी, दीलिप रायमाझी र शिवहरि पौडेल कार्यकारी निर्माता रहेको फिल्म ‘लक्का जवान’ को सह-निर्मातामा सुशील अर्याल, राजाराम पौडेल, राज केसी, सुरेन्द्र केसी, दीपेन्द्र खनियालगायत छन् । ‘आमा बंगलामुखी फिल्म प्रोडक्सन’ को ब्यानरमा बनेको ‘लक्का जवान’ ले केही पाका उमेरका मानिसहरुको कथा भन्ने बताइएको छ ।

फिल्ममा अनुसुयषा श्रेष्ठ, सुरेन्द्र केसी, जयनन्द लामा, सविता गुरुङ, यमन श्रेष्ठ, विमला गिरी, रमेश केसीलगायतका कलाकारहरुको पनि अभिनय रहेको छ । फिल्ममा वरिष्ठ हाँस्यकलाकार मदनकृष्ण श्रेष्ठ अथिति भूमिकामा देखिने छन् । फिल्मको कथा, पटकथा तथा संवाद शिवहरी स्वयंको हो । चैत २१ गतेलाई प्रदर्शन मिति घोषणा गरेको फिल्ममा दीलिप र प्रियंकाको जोडी बाँधिएको छ । शिवहरिले यसै चलचित्रबाट निर्देशनमा डेब्यू गरेका हुन् ।

## ‘साङ्लो’को डान्सिङ नम्बरको धमाधम छायांकन

**काठमाडौं/मस-** विराज भट्ट निर्देशित चलचित्र ‘साङ्लो’ को नयाँ गीतको छायांकन भइरहेको छ। यसै चलचित्रबाट नायक भट्टले निर्देशनमा डेब्यू गरेका छन् । चर्चित संगीतकार सुरेश अधिकारीले संगीत भरेका चलचित्रको नयाँ गीतमा विराज र डेब्यु अभिनेत्री एवं पूर्व मिस नेपाल निकिता चाण्डक फिचर्ड छन् ।

नायक विराज भट्ट आफू निर्देशित डेब्यू चलचित्र ‘साङ्लो’लाई उत्कृष्ट बनाउन लागिपरेका छन् । चलचित्रमा उनीसँगै डेब्यू नायिका निकिता चण्डकको पनि भविष्य जोडिएको छ। यसैले पनि विराज र निकिता दुबै चलचित्रको हाइप बढाउन निकै लागिपरेका हुन् । पहिलो गीत ‘चरीले काफल’ औषत चलेपछि विराजले दोश्रो गीतको छायांकन गरिरहेका छन्। चलचित्रको छायांकन सेटबाट बाहिरिएको तस्वीरमा विराज र निकिता मस्ती मुडमा देखिएका छन्। निकितालाई बोल्ड अवतारमा देख्न सकिन्छ। यो गीतबाट विराजले पनि ठूलो अपेक्षा राखेका छन्। यसअघि चलचित्रको ‘चरीले काफल टिप्यो’ बोलको गीत सार्वजनिक भएको थियो । ‘चरीले काफल टिप्यो’गीतमा परम्परागत पहिरनमा देखिएको यो जोडी नयाँ गीतमा भने मोर्डन पहिरनमा देखिनेछन्। अन्जु पन्त र निशान भट्टराईले आवाज दिएको गीतमा रामजी लामिछानेले कोरियोग्राफी गरिरहेका छन् । डान्सिङ नम्बरको यो गीत केही दिनमा छायांकन सक्काएर गीत सार्वजनिक गरिने विराजले जनाएका छन् । विराज भट्ट आफैले निर्माण तथा निर्देशन गरेको चलचित्रमा जयनन्द लामा, कामेश्वर चौरसिया, प्रकाश शाह, आरपी पन्त, लय संग्रौला, अमित गिरी, शिशिर भण्डारी, रमेश सोडारी, भिष्म जोशी लगायतका कलाकारको अभिनय छ ।

## ‘मोडल संग्स अवार्ड २०२०’ हुँदै

**काठमाडौं/मस–** मोडल संग्स नेपालले ‘मोडल संग्स अवार्ड २०२०’ आयोजना गर्ने भएको छ । ग्लोरी मिडिया, पेजेन्ट नेपाल र दक्ष ईन्टरनेशनल एसोसिएट्स पार्टनर रहेको उक्त अवार्ड शोको दोश्रो संस्करण भारतको नयाँ दिल्लीमा अप्रिल १२ मा हुन लागेको हो । मोडल संग्स अवार्ड २०२० बारे जानकारी गराउने उद्देश्यका साथ बुधबार राजधानीमा पत्रकार भेटघाट कार्यक्रमको आयोजना गरिएको छ ।

कार्यक्रममाझ बोल्दै अवार्डमा संगीत, चलचित्र, फेशन, मोडल, ईभेन्ट अन्तर्गत विभिन्न विधामा भोटिगंका आधारमा सर्जक, कलाकार, प्राविधिक एबम व्यवस्थापकलाई पुरस्कृत गरिने आयोजक संस्थाका सिईओ डेविल सिंह राजपुतले जनाए। साथै, उनले अवार्डमा मनोनयनका लागि माघ २ गते देखी आवेदन फारम खुल्ला रहने जानकारी दिए । आवेदन फाराम फेब्रुअरी २९ भित्र भरिसक्नु पर्ने साथै अवार्डको नोमिनेशन मार्च ७ मा सार्वजनिक भई मार्च २१ मा नोमिनेशन सर्टिफिकेट प्रदान गरिने आयोजक संस्थाले जनाएको छ ।

अन्तर्राष्ट्रिय स्तरमा नेपाली कला,संस्कृतिको प्रचारप्रसार तथा प्रवर्द्धन गर्ने हेतुले भारतको राजधानी नयाँ दिल्लीमा अवार्ड कार्यक्रम आयोजना गर्न लागिएकोले यसको महत्व अझ बढ्ने आशा आयोजक संस्थाले लिएको छ । उक्त कार्यक्रमको लागि नेपालबाट आयोजक टोलीसंगै ख्याति प्राप्त कलाकार, लब्ध प्रतिष्ठित व्यक्तित्व एवं संचारकर्मी त्यसतर्फ प्रस्थान गर्ने कार्यक्रम रहेको छ ।

‘मनोरंजन र सिर्जनशीलताको क्षेत्रमा लागिपर्दे आउने क्रममा विभिन्न व्यक्तित्वहरुले समाजमा पुऱ्याउदै आउनु भएको योगदानको कदर गर्दै मोडल संग्स नेपालले उहाँहरुलाई प्रोत्साहन साथै हौसला प्रदान गर्न अवार्ड कार्यक्रम आयोजना गर्न लागेकोले अवार्डलाई मर्यादित र आकर्षित तुल्याउन एक्यबद्ध हुँदै यस संस्करणमा हाम्रो साथ रहन्छ,’ अवार्ड कार्यक्रमका एशोसियट पार्टनर ग्लोरी मिडियाका अध्यक्ष सरोज ओझाले बताए ।

## रेखाको फिल्ममा सौगात र दयाहाङ

**काठमाडौं/मस–** ‘रेखा फिल्मस्’को ब्यानरमा निर्माणमा हुन लागेको नयाँ चलचित्रमा सौगात मल्ल र दयाहाङ राईलाई पुनः एकैसाथ देखिने भएका छन्। नायिका रेखा थापा यतिबेला नयाँ फिल्म निर्माणमा जुटेकी छन् । अभिनेताद्वय सौगात मल्ल र दयाहाङ राई लिएर उनले नयाँ फिल्म निर्माण गर्न लागेकी हुन् । माघे संक्रान्तिको अवसर पारेर रेखाले सौगात मल्ल र दयाहाङ राईसँग नयाँ फिल्मका लागि टिमअप भएको खुलाएकी हुन् ।





‘रेखा फिल्मस्’को तर्फबाट नायिका रेखा थापाले नै निर्माण गर्ने यस चलचित्रको लागि दयाहाङ र सौगातसँग कागजी सम्झौता भइसकेको छ । केही दिन अगाडि दया र सौगातसँग सम्झौता भएको रेखा थापाले बताइन्। ‘रेखा फिल्मस्’को छैटौं प्रस्तुति रहने फिल्ममा सविर श्रेष्ठको निर्देशन रहनेछ। बैशाखबाट फ्लोरमा जाने फिल्मको नाम भने तय भएको छैन। यसअघि रेखाले रेनशा वान्तवा राई निर्देशन लिएर नयाँ फिल्म घोषणा गरेकी थिइन् । तर, रेनशा आफ्नो होम प्रोडक्सनको फिल्म ‘आइ एम ट्वान्टिवान’मा व्यस्त रहेकोले त्यो अगाडि बढ्न सकेन । त्यसैले उनले यो फिल्म निर्माण अगाडि बढाउन जुटेकी हुन्। थुप्रै हिट चलचित्र दिइसकेकी रेखाले सौगात र दयाहाङसँग गर्न लागेको फिल्म नारी प्रधान हुने बताइन्। यसअघि रेखा निर्मित चलचित्र पनि नारी प्रधान नै थियो ।


**Saudi मा रोजगार** | कम्पनी : ABDULLAH BIN HAMAD BIN ISSA AL BINALI TRADING AND CONTRACTING EST. शहर: SAUDI

पुर्व स्वीकृत मितिः २०७६/०९/२९ चलानी नं.: ६०१५०१२३ L.T. No.: 230834

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Electrician | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३६,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Rod Binder | 1 | 0 | | 1200 | ३६,१८० | | | | | | | |
| 3. | Plasterer | 1 | 0 | | 1200 | ३६,१८० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा माघ ९ गते (23 Jan. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**K L Employment Service (P) Ltd.**
श्रम इजाजत नं.: ७०१/०६३/०६४
कालीमाटीडोल (प्रकाश सन्यास आश्रमको अगाडी), एयरपोर्ट, काठमाडौं
फोन : ४४६४११३, ४४९३१८०, ९८४१३८६९२३, फ्याक्स: ४४६९३२१
Email: info@klemployment.com.np | Web: www.klemployment.com.np

**UAE मा वैदेशिक रोजगारको अवसर**
कम्पनी : ALIGN ON DEMAND LABORS SUPPLY SERVICES L.L.C शहर : DUBAI

पूर्व स्वीकृति मितिः २०७६/१०/०१ चलानी नं.: ६०१५०१३५ LT. No.: 230799

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners | 75 | 0 | सम्बन्धित काममा दक्ष | 900 | २७,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Stevedore | 50 | 0 | | 1500 | ४६,२०० | | | | | | | |
| 3. | Building Labourer | 50 | 0 | | 800 | २४,६४० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा माघ ९ गते (23 Jan. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**SEVEN SEAS** INTERCONTINENTAL SERVICES PVT. LTD.
**Seven Seas Intercontinental Services Pvt. Ltd.**
Lic No.888/067/068 दाई कम्प्लेक्स, गुहेश्वरी, काठमाडौं, Phone : 01- 5107440
Mob.: 9801133334, 9801133336, 9801133350, 9801650009
9801179222, 9801650007, 9801122224
E-mail : info@smanpower.com / Web.: www.smanpower.com

**OMAN मा रोजगार** | कम्पनी: AL KHALEEL HOSPITALITY LLC शहर: OMAN

पूर्व स्वीकृत मितिः २०७६/०९/०२ पून स्वीकृत मितिः २०७६/१०/०१ चलानी नं.: ६०१४८५७९ पून चलानी नं.: ६४० L.T. No.: 229318

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Wiring Electrician General | 8 | 0 | स. काममा दक्ष | 130 | ३८,२२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Steam Pressing Worker | 2 | 0 | | 120 | ३५,२८५ | | | | | | | |
| 3. | Cook General | 2 | 0 | | 160 | ४७,०५० | | | | | | | |
| 4. | Foreign Food Cook | 2 | 0 | | 160 | ४७,०५० | | | | | | | |
| 5. | Arabic Food Cook | 2 | 0 | | 160 | ४७,०५० | | | | | | | |
| 6. | Dry Cleaning Worker | 2 | 0 | | 120 | ३५,२८५ | | | | | | | |
| 7. | Waiter | 3 | 6 | | 140 | ४१,१७० | | | | | | | |
| 8. | Chambermaid/ Room Attendant | 11 | 0 | | 140 | ४१,१७० | | | | | | | |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

अन्तर्वार्ता मेनपावर कार्यालय, पानीपोखरी, काठमाडौंमा माघ ९ र १० गते (23 & 24 Jan. 2020) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Jobs Global.Com Employment Services Pvt. Ltd.**
JOBS GLOBAL.COM Employment Services Pvt. Ltd.
Govt. Lic. No 192/057/058
P.O. Box: 23080, Panipokhari, Kathmandu, Nepal
Tel : 4002624, 4002625, Fax: +977-1-4002625
Email: jobsglobalnepal@gmail.com/Web: www.jobsglobal.com
https://www.facebook.com/JobsglobalNepal
9801100112, 9801100113, 9801100114, 9801100115 9801100121, 9801100122, 9801100999

**Free Visa ! Free Ticket !! Free Medical !!! Free Service Charge !!!**
**(Zero Cost) सहित UAE मा वैदेशिक रोजगारको अवसर**
COMPANY: AL GHURAIR IRON & STEEL LLC, ABU DHABI

पूर्व स्वीकृत मितिः २०७६/०९/२९ चलानी नं.: ६०१५००२७ L.T. No.: 230617

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ordinary Labourer | 20 | 0 | स. काममा दक्ष | 800 | २४,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा माघ ९ गते (23 Jan. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**वास्तु म्यानेजमेन्ट सर्भिसेज प्रा. लि.**
VMS
श्रम इजाजत नं. ९२६/०६७/०६८
Sinamangal-9, Kathmandu, Nepal, Tel. : 01-4461217, 4461317, Mob.: 9841851577
E-mail : info@vmsnepal.com, Website : www.vmsnepal.com

# एमएम कपमा आर्मी फाइनल प्रवेश

**मध्यान्ह संवाददाता**
काठमाडौं, १ माघ




प्रदेश नम्बर-३ लाई ६४ रनले पराजित गर्दै डिफेन्डिङ च्याम्पियन त्रिभुवन आर्मी क्लब सुनसरीको इनरुवामा जारी मनमोहन मेमोरियल एकदिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगिताको फाइनल प्रवेश गरेको छ ।


बुधबार भएको सेमिफाइनलमा आर्मीले दिएको २ सय १७ रनको लक्ष्य पछ्याउने क्रममा प्रदेश नम्बर तीन ३८.१ ओभरमा सम्पूर्ण विकेट गुमाएर १५२ रन मात्र बनाउन सक्यो । लक्ष्य पछ्याउने क्रममा प्रदेश-३ को लागि सोनु तामांगले सर्वाधिक ७४ रन बनाए । उनले ७५ बलमा ६ छक्का र ४ चौका प्रहार गरे । इशान पाण्डेले १७ तथा सुबास खकुरेलले १५ रन बनाउनु बाहेक अन्य ब्याट्सम्यानले दोहोरो अंकमा रन बनाउन सकेनन् । आर्मीका स्पिन बलर सुशन भारीले सर्वाधिक ३ विकेट लिए । भारीले ८.१ ओभरमा ३ मेडन ओभर गर्दै २३ रन खर्चिए ।

अर्का स्पिनर शाहब आलमले २ विकेट तथा बिक्रम सोब, हरि बहादुर चौहान, हरि कृष्ण झा र कुशल मल्लले समान एक एक विकेट लिए ।

यस अघि टस जितेर ब्याटिंग रोजेको आर्मीले निर्धारित ४७ ओभरमा सबै विकेट गुमाएर २१६ रन बनाएको थियो। ढिला सुरु भएका कारण खेल ४७ ओभरमा झारिएको थियो । आर्मीको लागि ओपनिंग ब्याट्सम्यान अनिल मण्डलले सर्वाधिक ४३ रन बनाए जुन क्रममा ७३ बलमा ३ चौका प्रहार गरे । यस्तै कुशल मल्लले २६ बलमा ४ चौका र २ छक्का मदतले ३७ रन बनाए । रोहित पौडेलले २९, बिक्रम सोबले २४, राजेश पुलामीले १७ तथा भिम शार्कीले १५ रन बनाए ।

प्रदेश-तीन विरुद्धको बलिङमा तीब्र गतिका बलर गौतम केसीले ४ विकेट लिए । ७.३ ओभर बलिंग गर्दै २२ रन खर्चिए । तिलक राज भण्डारी, नन्दन यादब र इशान पाण्डेले समान २-२ विकेट लिए । खेलको प्लेयर अफ द म्याच कुशल मल्ल चुनिए । प्रतियोगिता अन्तर्गत दोश्रो सेमीफाइनल खेलमा बिहीबार नेपाल पुलिस क्लब र सुदूरपश्चिम प्रदेशले प्रतिस्पर्धा गर्नेछन् । फाइनल खेल शनिवार हुनेछ ।

# बिग ब्यासमा सन्दीपको शानदार बलिङ



**काठमाडौं, एजेन्सी-** नेपाली युवा लेगस्पिनर सन्दीप लामिछाने आवद्ध मेलवर्न स्टार्सले अस्ट्रेलियामा जारी बिग ब्यास लिग क्रिकेटमा नवौं जीत दर्ता गरेको छ । अहिले सम्म एक खेलमा मात्रै पराजित रहेको मेलवर्न १८ अंकहसति तालिकाको शीर्ष स्थानमा यथावत रहेको छ । वुधबार मेलवर्नले पर्थ सोचर्सलाई ८ विकेटले पराजित गरेको हो ।

पर्थले दिएको ८७ रनको सामान्य लक्ष्य पछ्याउने क्रममा मेलवर्नले राम्रो शुरुआत गरेको थियो । ४७ रन हुँदा हिल्टन कार्टराइटलाई मेलवर्नले गुमाएको थियो । हिल्टनले २५ बलमा १९ रन बनाएका थिए । यसैगरी दोस्रो विकेट टिमको स्कोर ५६ रन हुँदा गुमाएको थियो । मेलवर्नका बेन डंक व्यक्तिगत ८ रनमा पेभेलियन फर्किएका थिए । त्यसपछि मार्कस स्टोनिस ३९ रनमा नट आउट रहँदा सेव गोच १४ रनमा नट आउट रहे । पर्थका मिचेल मार्स र फहवाद अहमदले एक एक विकेट लिए ।

टस जितेर पहिला ब्याटिङ गरेको पर्थ १३.५ ओभरमा ६६ रन बनाउँदै अल आउट भयो । पर्थविरुद्ध मेलवर्नबाट खेलिरहेका सन्दीपले उत्कृष्ट बलिङ गरे । ३ ओभर मात्रै बलिङ गरेका सन्दीपले ७ रन खर्चिएर २ विकेट हात पारे । व्यत्तिगत पहिलो ओभरमा ३ तथा दोस्रो ओभरमा ४ रन खर्चिएका सन्दीपले तेस्रो ओभर मेडन राख्दै २ विकेट हात पारे । लगातार २ विकेट लिएपछि पर्थ दबाबमा परेको थियो । १० रन हुँदा पहिलो विकेट गुमाएको पर्थका लागि लियम लिभिङ स्टोन ४ रन बनाएर आउट भए ।

क्यामरुन ग्रिन पनि ४ रन बनाएर रन आउट भएपछि पर्थले ३९ रन हुँदा दोस्रो विकेट गुमाएको थियो । ओपनिङ आएका जोस इंग्लिसले आक्रामक ब्याटिङ गर्दै १९ बलमा ३७ रन जोडेका बेला आउट भएपछि पर्थको टिम दबाबमा परेको थियो । टिमको स्कोर ५८ रन भएका बेला चौथो विकेटको रुपमा पर्थले कप्तान मिचेल मार्सलाई गुमायो । मार्स ७ रनमा पेभेलियन फर्किएका थिए ।

टिम डेभिड पनि ३ रन बनाएर आउट हुँदा पर्थले पाँचौं विकेट खेर फाल्यो । ६८ रन हुँदा जारोन मोर्गान १ रन बनाएर आउट भए । टिमको स्कोर ७६ रन हुँदा क्यामरुन बेन क्रफ्ट रनआउटको स्कार भए ।

त्यसपछि टिमलाई सन्दीपले आठौं र नवौं सफलता दिलाए । टिमको १२.३ ओभरमा क्रिस जोर्डनलाई क्याच आउट गराएका सन्दीपले अर्को बलमा झी रिचर्डसनलाई पेभेलियन पठाए । १० औं विकेट भने पर्थले टिमको स्कोर ८६ रन हुँदा फवाद अहमदको रुपमा गुमाएको थियो । मेलवर्नका लागि ज्याक्सन कोलमनले ३ विकेट लिंदा सन्दीपले २ विकेट हात पारे ।

# बन्दीपुर दौडको उपाधि अजितलाई



**तनहुँ, रासस-** तनहुँको बन्दीपुर गाउँपालिकाले आयोजना गरेको दौड प्रतियोगिताको उपाधि अजितकुमार यादवले जितेका छन् ।

बन्दीपुरको पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यसहित आयोजना गरिएको प्रतियोगितामा खुलातर्फको उपाधि काठमाडौंबाट प्रतिनिधित्व गरेका यादवले जितेका हुन् । बन्दीपुरको डुम्रेबजारदेखि गाउँपालिकाको कार्यालयसम्मको आठ किमी दूरी ३८ मिनेट ५३ सेकेण्डमा पार गर्दै यादवले उपाधि जितेका हुन् । प्रतियोगितामा ओखलढुङ्गाका अनिल कार्की द्वितीय भए । उनले उक्त दूरी ३९ मिनेट १६ सेकेण्डमा पूरा गरे । प्रतियोगितामा प्रथम र द्वितीय हुने धावकले क्रमशः ३० हजार र १५ हजार प्राप्त गरे । आन्तरिकतर्फको दौडमा बन्दीपुर-१ निवासी चन्द्रकुमार सुनार प्रथम र वडा नं २ निवासी रविन गुरुङ द्वितीय भए । उनीहरुले उक्त दूरी क्रमश ४४ मिनेट ५१ सेकेण्ड र ४६ मिनेट ३७ सेकेण्डमा पूरा गरेका थिए । प्रतियोगितामा खुल्ला र आन्तरिक गरी ३० धावकको सहभागिता रहेको थियो । विजेताहरुलाई गण्डकी प्रदेशका उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री विकास लम्साल र गाउँपालिकाका अध्यक्ष पूर्णसिंह थापाले पुरस्कार वितरण गरेका थिए ।

सो अवसरमा मन्त्री लम्सालले खेलकुदका माध्यमबाट पर्यटन प्रबर्द्धनमा महत्वपूर्ण योगदान पुग्ने बताए । पर्यटनबाट समृद्धि सम्भव रहेको चर्चा गर्दै उनले पर्यटकीय क्षेत्रको विकासका लागि सरकारले सहयोग गर्ने बताए । नेपाल भ्रमण वर्ष २०२० को अवसर पारेर बन्दीपुरको पर्यटन प्रबर्द्धन गर्ने उद्देश्यसहित दौड आयोजना गरिएको गाउँपालिकाका अध्यक्ष थापाले जानकारी दिए ।

# एभरेष्ट राष्ट्रिय खुला तेक्वान्दो आजदेखि




**काठमाडौं, मस-** अमेरिकामा मुख्यालय रहेको एभरेष्ट वर्ल्ड क्लास तेक्वान्दोको नेपाल शाखाले दोश्रो एभरेष्ट राष्ट्रिय खुला तेक्वान्दो प्रतियोगिता विहीबारदेखि ललितपुरमा आयोजना गर्दैछ ।

शनिबारसम्म चल्ने प्रतियोगिता सातदोबाटोस्थित नेपाल तेक्वान्दो संघको तेक्वान्दो एकेडेमी हलमा हुने प्रतियोगिता संयोजक सन्जिव फुयालले जानकारी गराए । ग्योरोगी र पुम्सेमा गरी जम्मा ११० स्वर्ण, ११० रजत र २२० कांस्यका लागि प्रतिस्पर्धा हुने छ । १ हजार २ सय खेलाडीको सहभागिता रहने छ ।

टिममा पहिलो हुनेले १ लाख, दोश्रोले ५० हजार र तेश्रो हुनेले २५ हजार नगद पुरस्कार प्राप्त गर्ने छन् । उत्कृष्ट पुरुष/महिला खेलाडीलाई समान १०-१० हजार नगद पुरस्कार प्रदान गरिने छ ।

उत्कृष्ट दुई निर्णायकलाई जनही १० हजार नगदबाट पुरस्कृत गरिने छ । त्यस्तै सातै प्रदेशबाट सहभागी हुने उत्कृष्ट र विपन्न डोजाङहरुलाई १ लाख ५० हजार बराबरको खेल सामाग्री प्रदान गरिने छ । एभरेष्ट वर्ल्ड क्लास तेक्वान्दोका संस्थापक अध्यक्ष कुमार कार्कीले छरिएर रहेका खेलाडीको प्रतिभा पहिचान गर्ने उद्देश्यले प्रतियोगिता सुरु गरिएको बताए ।


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**हक दावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०६८/०९/१२ मा दर्ता भएको **प्रा.लि. नं. ८९०८७** को **धौलागिरी मिसन सक्युरिटी कम्पनी प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्न बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

प्रथम पटक प्रकाशित मिति २०७६/१०/०२

यस कम्पनीको मिति २०७६/०९/०४ मा सम्पन्न एकल संचालकको निर्णय बमोजिम साविक कम्पनी **शिबभक्ति ह्याण्डिक्राफ्ट प्रा.लि. (प्रा.लि.नं. ११६५७७** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७६/०९/२१ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **रियाज ह्याण्डिक्राफ्ट एण्ड कन्स्ट्रक्सन मेटेरीयल्स प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

वैदेशिक रोजगारमा गुणस्तरीय सेवा र गुणस्तरीय रोजगारीका लागि विगत १८ वर्षदेखि सञ्चालित यस कम्पनीमा सम्पर्क गर्नुहोस ।

Pasa INTERNATIONAL PVT. LTD.
Kupondol, Lalitpur, Tel: 5539331, 5554499
Web: www.pasainternational.com.np
Email: pimt@pasa.wlink.com.np
pimt@pasainternational.com.np
श्रम इजाजत पत्र नं. ११६/०५५/५६



**मलेसियामा रोजगार** | कम्पनी : WE ON ENGINEERING SDN. BHD. शहर: MALAYSIA

पूर्व स्वीकृत मिति: २०७६/०९/२९ चलानी नं.: ६०१५०१२० LT. No.: 231135

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | तार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Workers | 10 | 0 | स. काममा दक्ष | 1100 | ३०,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा माघ ९ गते (23 Jan. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पदेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Nepal Recruitment Consultancy Pvt. Ltd.
Shambhu Marga, Sinamangal-9, Kathmandu, P.O.Box: 7068, Tel.: 4485647, 4485648, 4485649, Mob.: 9813537758, 9801077091, 9801155177
E-mail: info@nrc.com.np/ Web.: www.nrc.com.np
Govt. Lic No.: 1004/068/069



**कतारमा रोजगार** | कम्पनी: JASSCO GROUP TRADING AND CONTRACTING शहर : DOHA

पुर्व स्वीकृत मिति: २०७६/१०/०१ चलानी नं.: ६०१५०१३४ L.T. No.: 231092

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | तार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Light Driver | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1900 | ५९,०३३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labour | 2 | 0 | | 1100 | ३४,१८० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा माघ ९ गते (23 Jan. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पदेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

अल-हरमैन एच.आर. प्रा. लि.
पो.ब.नं. २१२५३, सिनामंगल-९, काठमाडौ, नेपाल, फोन: ०१-४११०९१२
Email: alharmainhr@gmail.com, info@alharmain.com.np, Web: www.alharmain.com.np
श्रम इजाजत पत्र नं.: ११६०/०७३/०७४



**जस्तो सीप उस्तै रोजगार**

मुख्य रूपमा साउदी अरब, कतार, मलेसिया र कुवेतमा भनेको काम र तोकेको तलबका लागि दक्ष, अर्धदक्ष र अदक्ष कामदार पठाउने सुरक्षित, भरपर्दो र विश्वासनीय म्यानपावर

अक्सफोर्ड इन्टरनेशनल प्रा.लि.
जावलाखेल (नेसनल क्यान्सर अस्पतालसँगै), ललितपुर
फोन नं. ५५५५६८३, ५५४५५३१, फ्याक्स: ५५५५७९४
E-mail:info@oxfordint.com.np, oxfordint@wlink.com.np



**साउदीमा रोजगार** | कम्पनी: MANAZEL INTERNATIONAL COMPANY शहर : SAUDI

पूर्व स्वीकृत मिति: २०७६/०९/२९ चलानी नं.: ६०१५००३६ LT. No.: 230815

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | तार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LABOUR | 20 | 0 | स. काममा दक्ष | 1000 | ३०,१५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा माघ ९ गते (23 Jan. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिषा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पदेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Rove International Pvt. Ltd.
P.O.Box No.: 10472, Tilganga-9, Shambhumarga, Kathmandu, Tel: 4486922, 4486952
Fax: 4474184, Mob.: 9841769830, 9851122689, E-mail : info@roveintl.com, rove35@yahoo.com, Web.:roveintl.com
श्रम इजाजत पत्र नं. १०३३/०७१/०७२



**साउदीमा रोजगार** | १. कम्पनी : NISAR AHMAD MALIK PLASTIC PRODUCTS FACTORY शहर: SAUDI

पूर्व स्वीकृत मिति: २०७६/०९/२९ चलानी नं.: ६०१५०७६ L.T. No.: 231059

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | तार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading & Unloading Labour | 2 | 0 | स. काममा दक्ष | 1000 | ३०,१५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : SAS PROJECTS FOR OPERATION & MAINTENACE. शहर: SAUDI

पूर्व स्वीकृत मिति: २०७६/०९/२९ चलानी नं.: ६०१५०७[illegible] L.T. No.: 231061

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | तार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Installation Worker | 1 | 0 | स. काममा दक्ष | 1200 | ३६,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, ललितपुरमा माघ ९ गते (23 Jan. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिषा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पदेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

डायना ओभरसिज प्रा. लि.
बाल कुमारी, ललितपुर, फ्याक्स: ५००६३८६, फोन नं: ५००६३८४/५००६३८५/५५५६०२८/५५५६०२९
श्रम इजाजत नं. ४०८/०६०/०६१



**Qatar मा रोजगार** CITY CABS LIMOUSINE SERVICE

पूर्व स्वीकृती मिति: २०७६/०९/२९ चलानी नं. ६०१५००९० LT.No. 231037

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Driver | 4 | काममा दक्ष | 1700 | ५२,८९०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| २. | Accountant | 1 | | 3600 | १,१२,०००।- | | | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैंले | रु. ७००।- कामदार आफैंले | रु.१०,०००।- |

अन्तरवार्ता २०७६ माघ ९ गते यस प्रा. लि. को कार्यालयमा हुनेछ ।

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

Euro Asia H.R. Solutions Pvt. Ltd.
Samakhushi, Kathmandu, Tel : 01-4380875
Govt. Lic: 1162/073/74

## ६ महिनाको आय–व्यय

# राजस्व ४३३ अर्ब, खर्च ३९५ अर्ब

**बीपी भट्टराई/मध्यान्ह**
काठमाडौं, १ माघ

चालु आर्थिक वर्षको आधा अवधि सकिंदा सरकारको खर्च तथा आम्दानीमा सुधार देखिएको छ । पाँच महिनासम्म खर्च र आम्दानी दुबै हिसाबले कमजोर देखिएको अवस्थामा छैटौं महिनामा भने सुधार आएको हो । महालेखा नियन्त्रकको कार्यालयकाअनुसार पुस महिनामा मात्रै सरकारले एक खर्ब २९ अर्ब रुपैयाँ राजस्व उठाएर ६ महिनामा चार खर्ब ३३ अर्ब रुपैयाँ पुर्‍याएको छ । त्यस्तै पुस महिनामा मात्रै एक खर्ब ६१ अर्ब रुपैयाँले खर्च बढाएर तीन खर्ब ९५ अर्ब रुपैयाँ पुर्‍याएको छ ।

अर्थमन्त्रालयका अनुसार चालु आर्थिक वर्षका पहिलो छ महिनामध्ये पुस महिनामा मात्रै करिव अपेक्षा बराबरको राजस्व उठाउन सकेको हो । पुस महिनामा एक खर्ब ३५ अर्ब रुपैयाँको राजस्व उठाउने लक्ष्य निर्धारण गरिएकोमा एक खर्ब २९ अर्ब रुपैयाँ असुली भएको छ । मंसिर मसान्तसम्म तीन खर्ब आठ अर्बको राजस्व उठाएकोमा पुस मसान्तसम्मको अवधिमा एक खर्ब २९ अर्ब रुपैया बढेको हो । पुस महिनाको अन्तिममा सरकार स्वामित्वको राष्ट्रिय वाणिज्य बैंकले



१ अर्ब ८ करोड , नेपाल बैंकले ५० करोड, कृषि विकास बैंकले १ अर्ब ५० करोड, जलविद्युत लगानी तथा विकास कम्पनीले ६६ करोड, नेपाल आयल निगमले लाभांशवापत २ अर्ब २० करोड रुपैयाँ, नेपाल टेलिकमको ४५ प्रतिशत लाभांशबाट ६ अर्ब रूपैयाँभन्दा बढी रकम राजस्व योगदान भएको छ । नेपाल स्टक एक्स्चेन्ज लगायतका सरकारी संस्थाहरुले पनि पुसमै राजस्व दाखिला गरेका छन् ।

राजस्व गत वर्षको भन्दा कम

६ महिनाको अवधिमा गत आर्थिक वर्षको सोही अवधिमा भन्दा ८७ अर्ब रुपैयाँ र चालू आर्थिक वर्षको लक्ष्यभन्दा एक खर्ब चार अर्ब रुपैयाँले कम राजस्व उठेको छ । अघिल्लो वर्षको पुस मसान्तसम्म पाँच खर्ब २० अर्ब रुपैयाँ उठाएको सरकारले यो पटक भने जम्माजम्मी चार खर्ब ३३ अर्ब रुपैयाँ मात्रै उठाउन सकेको छ । तर यो अवधिमा पाँच खर्ब ३७ अर्ब रुपैयाँ राजस्व उठाउने सरकारी लक्ष्य थियो । महालेखा नियन्त्रक कार्यालयको तथ्यांकअनुसार पुस मसान्तसम्ममा सरकारले तीन खर्ब ९१ अर्ब रुपैयाँ कर राजस्व र ४१ अर्ब रुपैयाँ गैरकर राजस्व उठाउन सकेको छ ।

सरकारले गत आर्थिक वर्षभित्र आठ खर्ब ५९ अर्ब रुपैयाँ राजस्व उठाएकोमा पहिलो ६ महिनामो ६० पतिशत अर्थात पाँच खर्ब २० अर्ब रुपैयाँ राजस्व उठाएको थियो । अर्थमन्त्री डा. युवराज खतिवडा चाहिँ सरकार राजस्वमुखी मात्रै हुन नखोजेको कारण केही कम राजस्व उठेको दाबी गर्छन् ।

खतिवडाले र आयातित वस्तुको राजस्वमा केही ह्रास भएको छ, तर आन्तरिक राजस्व राम्रो उठेको बताए । 'खासगरी आयकर र आन्तरिक मूल्यवृद्धि करबाट २५ प्रतिशतभन्दा बढीको आन्तरिक राजस्वर वृद्धि भएको छ । त्यसले गर्दा आयातमा आधारित राजस्वत प्रणाली अब आन्तरिक उत्पादन, आयमा आधारित राजस्वर प्रणालीतर्फ जाँदैछ ।' खतिवडाले भने

सरकारले ठूलो राजस्व लक्ष्य लिएपनि चुहावट नियन्त्रणमा ध्यान नदिँदा समस्या परेको पूर्वअर्थसचिव शान्तराज सुवेदी बताउँछन् । 'मुख्य कुरा त हाम्रो लक्ष्य नै महत्वाकांक्षी रह्यो, यो लक्ष्य भेट्न सरकारले लिएका कतिपय नीति व्यवहारिक पनि भएन, कतै चुहावट कम गर्न पनि सकिएन,' सुवेदीले भने, 'सरकार आयात कम गर्ने र निर्यात बढाउने तर्फ केन्द्रित देखियो, तर यसको प्रभाव राजस्वमा देखियो ।'

**खर्चमा दोस्रो चौमासिकपछि सुधार**

पहिलो चौमासिक पछि सरकारले खर्चको गति पनि बढाएको देखिएको छ । पछिल्लो दुई महिनामा मात्रै सरकारले २ खर्ब ३४ अर्ब रुपैयाँ खर्च गरेको छ । जवकि यस अघिको चार महिनाका अवधिमा मात्रै दुई खर्ब २५ अर्ब रुपैयाँ खर्च गरेको थियो । विशेषत पहिलो चौमासिकमा पुँजीगत खर्च न्युन देखिएपछि प्रधानमन्त्री केपी शर्मा ओलीले सबै मन्त्रीलाईनै बोलाएर समयमै खर्च गर्नको लागि निर्देशन दिएका थिए ।

कात्तिक मसान्तसम्म पुँजीगत खर्च जम्मा २४ अर्ब ७१ करोड रुपैयाँ खर्च भएकोमा पछिल्लो दुई महिनामा ३३ अर्ब ५८ करोड रुपैयाँको पुँजीगत बढेर ५८ अर्ब ५९ करोड रुपैयाँ पुगेको छ । पछिल्लो दुई महिनामा भौतिक पूर्वधार तथा यातायात मन्त्रालय र ऊर्जा जलस्रोत तथा सिचाइँ मन्त्रालय अन्तर्गतको पुँजीगत खर्च बढेपछि सुधार देखिएको महालेखाको तथ्यांकले देखाएको छ । छ महिनाको अवधिमा सरकारले तीन खर्ब नौ अर्ब ५८ करोड रुपैयाँको चालु खर्च, ५८ अर्ब ५९ करोड रुपैयाँ पुँजीगत खर्चको साथै २७ अर्ब ६९ करोड वित्तीय व्यवस्थापन खर्च गरेको छ ।

## नेपाल–भारत खुला सीमाको असर

# 'घरासयीको नाममा भन्सार छली'

**मध्यान्ह संवाददाता**
काठमाडौं, १ माघ

भारतीय नाकाहरुमा रहेका भन्सार चेक पोष्टहरुले कडाई नगर्दा करोडौंको राजश्व गुमिरहेको भन्दै नेपाल राष्ट्रिय व्यवसायी महासंघले चिन्ता व्यक्त गरेको छ । केहि दिन अघि विभिन्न नाकाहरुको अनुगमन गरी महासंघले धेरै भन्सार छली भइरहेको निश्कर्ष निकालेको हो ।

बुधबार प्रेस विज्ञप्ती जारी गर्दै महासंघले घरायसी प्रयोजनको थोरै सामान भनेर झुक्याएर दैनिक रुपमा व्यवसायिक सामाग्रीहरु भित्रने गरेको उल्लेख गरेको छ । भारतीय नाकाबाट रिक्सा, मोटरसाइकल तथा साइकलमा भन्सार छलेर सामाग्रीहरु ल्याउने क्रम बढीरहेको र त्यसलाई रोक्न भन्सार कार्यालयले विशेष चासो नदिएको महासंघका अध्यक्ष नरेश कटुवालले बताए ।

उनले घरायसी प्रयोजनका लागि भन्दै भारतबाट ल्याएर तराई क्षेत्रमा व्यापार भइरहेको बताए । भारतीय नाकाहरुको अवस्थाबारे बुझ्न विभिन्न नाकाहरु पुगेर फर्किएका अध्यक्ष कटुवालले भन्सार छल्नेको संख्या ठूलो रहेको बताए । 'मेरै नेतृत्वमा महासंघको टोलिले पूवृको मेचीनगर, विराटनगर लगायतका नाकाहरुमा अनुगमन गर्यौं' उनले भने, 'त्यहाँ व्यापारिक प्रयोजनका लागि रिक्सा तथा साइकलमा भन्सार नतिरि सामाग्री आयात गर्नेहरुको ठूलो संख्या रहेछ ।' भन्सार नतिरी सामाग्री ल्याउनेहरुका कारण कर तिरेर वैधानिक तरिकाले व्यवसाय गर्नेहरुलाईमात्रै नभएर राज्यलाई समेत समस्या परेको अध्यक्ष कटुवालले बताए । चेक पोष्टमा कार्यरत सशस्त्र प्रहरीले रिक्सा, मोटरसाइकल, साइकल लगायतमा सामान ल्याउदा धेरै ध्यान नदिएको गुनासो गरे ।

सरकारले भारतीय बजारबाट सानो परिमाणमा घरायसी सामान ल्याउन छुट दिएको छ । त्यसैलाई टेक्दै स्थानीय व्यापारीहरुले घरायसी सामान भन्दै व्यापारिक सामाग्रीहरु भन्सार नतिरी नेपाल भित्र्याउने गरेको उनको भनाई छ । 'वैधानिक तरिकाले व्यापार गर्नेलाई राज्यले चेपेको चेप्यै छ, अनि त्यहाँ भन्सारमा कडाई गर्न पर्दैन ?' अध्यक्ष कटुवालले भने, 'राजश्व लक्ष्य भेटिएन भनेर कर बढाउने होइन भएकोलाई उठाउन सकेमात्रै पनि राम्रो हुन्छ ।'

भन्सार विभागकले दिएको जानकारी अनुसार एक व्यक्तिले बढीमा ५ हजार रुपैयाँसम्मको सामाग्री त्यो पनि घरायशी प्रयोजनका लागि मात्रै ल्याउन पाउने व्यवस्था रहेको छ । यसैलाई आधार मानेर तराई क्षेत्रका व्यापारीहरुले भन्सार नै नतिरी सामानहरु ल्याउने गरेका हुन् । अध्यक्षका कटुवालका अनुसार हालै पशुपतिनगर भन्सार, विरानगर भन्सार, विरगञ्ज भन्सार लगायतका क्षेत्रमा महासंघको टोलिले अनुगमन गरेको थियो ।

# साल्ट ट्रेडिङका शेयरधनी अदालत जाने

**मध्यान्ह संवाददाता**
काठमाडौं, १ माघ

साल्ट ट्रेडिङ कर्पोरेसनका शेयर विवाद चर्किंदै गएको छ । सरकारले लामो समयदेखि लाभांश रोक्का गरेपछि निजी क्षेत्रलाई लगानी गर्न निरुत्साहित पारेको भन्दै शेयरधनीहरु अदालतसम्म जाने तयारी गरिएका छन् ।

'अदालतमा जानका लागि कानुनी परामर्श भैरहेको छ,' स्रोतले भन्यो । हाल कम्पनीमा सरकारको २१.२८ प्रतिशत र अन्यको ७८.७२ प्रतिशत शेयर छ । साल्ट ट्रेडिङलाई उपलब्ध गराएको जग्गामा जापान सरकारले सन् २००२ मा वस्तुगत अनुदानअन्तर्गत धनगढी, नेपालगञ्ज, भैरहवा, सिमरा, बर्दिबास लालगढ र विराटनगर गरी ६ स्थानमा कुल २० हजार मेट्रिक टन क्षमताको



गोदाम निर्माण गरी साल्टलाई नै जिम्मा लगाएको थियो ।

निर्माण गर्नुअघि सन् २००० को मे ३१ मा जापान सरकार, नेपाल सरकार र साल्टबीच त्रिपक्षीय सम्झौता भएको थियो । सम्झौतापत्रको बुँदा नम्बर ७.१ को 'ई' मा 'साल्टलाई नुनको व्यापार गर्न रोक लगाइएको वा साल्टले नुनको कारोबार नगर्ने निर्णय गरेको अवस्थामा मात्र साल्टले गोदाम छोडी चर्चेको जग्गा नेपाल सरकारलाई प्रचलित बजार मूल्यमा बिक्री गर्न सक्ने' व्यवस्था उल्लेख छ ।

अर्थ मन्त्रालयका तत्कालिन सहसचिव दामोदर रेग्मीको संयोजकत्वमा गठित समितिले तयार पारेको प्रतिवेदनअनुसार नेपाली जनताको लागि दातृ निकायबाट प्राप्त वस्तुगत अनुदानलाई शेयरमा परिणत गर्ने निष्कर्षसहित मन्त्रालयलाई सुझाव दिएको छ । २०७४ पुस २८ गते बसेको सचिवस्तरीय निर्णयबाट रेग्मीको संयोजकत्वमा उक्त समिति गठन भएको थियो ।

# बढ्यो सुनको मूल्य

**काठमाडौं/मस–** निकै उतार चढावकाबीच कारोबार हुँदै आएको सुनको मूल्यमा बुधबार सामान्य वृद्धि भएको छ । नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अनुसार बुधबार सुनको मूल्यमा प्रतितोला रु ७०० ले वृद्धि भएको छ ।

महासङ्घले छापावाला सुनको मूल्य प्रतितोला रु ७४ हजार ७०० र तेजाबी सुनको मूल्य प्रतितोला रु ७४ हजार ४०० तोकेको छ । मङ्गलबार छापावाला सुन प्रतितोला रु ७४ हजार र तेजाबी सुन प्रतितोला रु ७३ हजार ७०० मा खरिदबिक्री भएको थियो । गत बधुबार नेपाली बजारमा सुनको मूल्य अहिलेसम्मकै उच्च बिन्दुमा पुगेको थियो ।

सो दिन छापावाला सुनको मूल्य प्रतितोला रु ७६ हजार ५०० र तेजाबी सुनको मूल्य प्रतितोला रु ७६ हजार २०० पुगेको थियो । सुनको मूल्य बढेसँगै चाँदीको मूल्यमा पनि प्रतितोला रु पाँचले वृद्धि भएको छ । बुधबार चाँदीको मूल्य प्रतितोला रु ८८५ मा खरिदबिक्री भइरहेको महासङ्घले जनाएको छ । पछिल्लो समय मध्यपूर्वमा देखिएको तनाव, चीन-अमेरिका व्यापार युद्धका कारण सुनको मूल्यमा उतारचढाव देखिदै आएको छ ।

# महिन्द्राको थ्रीएस सुविधासहितको शोरुम स्थापना

**काठमाडौं/मस–** अग्नि ग्रुपले हालै मध्य नेपालको प्रदेश नं ३ को ढुंग्रेबास सिन्धुलीमा महिन्द्राका गाडीहरु र ट्र्याक्टरको नयाँ बिक्री, सेवा र पार्टपुर्जासहितको शोरुम स्थापना गरेको छ । कम्पनीका अनुसार यो यस क्षेत्रका लागि कम्पनीको पूर्ण सुविधाले सुसज्जित आधिकारिक शोरुम हो । महिन्द्रा अटोमोबाइल्स र ट्र्याक्टरहरूका सबै श्रृङ्खलाका सवारी साधनहरूसहितको थ्रीएस सेटअपयुक्त यो शोरुमको कमलामाई नगरपालिकाका प्रमुख खड्गबहादुर खत्री र अग्नी ग्रुपका प्रबन्ध निर्देशक क्याबिनेट श्रेष्ठले २७ पौष २०७६, आइतबारका दिन संयुक्त रुपमा उद्घाटन गरे ।

अग्नि ग्रुपका प्रबन्ध निर्देशक क्याबिनेट श्रेष्ठका अनुसार कम्पनी उपभोक्ताको आवश्यकताअनुसार विभिन्न श्रृङ्खलाका उत्पादनहरू उपलब्ध गराउनमा केन्द्रीत रहेको छ र सबै महिन्द्रा बिक्री केन्द्रहरूमा समान गुणस्तर सेवाका कारण अधिकतम उपभोक्ता सन्तुष्टि पनि पाइरहेको छ । सिन्धुली र आसपासका ग्राहकहरूलाई अधिकतम सुविधा र किफायती रूपमा कम्पनी र यसका सबै गुणस्तरीय सेवामा पहुँच उपलब्ध गराइ लाभ प्रदान गर्ने मूल उद्देश्य राखेर यो नयाँ ट्र्याक्टर शोरुम र सर्भिस सेन्टर स्थापना गरिएको हो, कम्पनीद्वारा जारी विज्ञप्तिमा भनिएको छ । यो शोरुमबाट महिन्द्राका सबै उपयोगी सवारी साधनहरू, एसयूभीहरू, पिकअप, ट्र्याक्टरसहितका सबै उत्पादनहरू उपलब्ध हुनेछन् । यो 'थ्री एस सेटअप'अन्तर्गत महिन्द्रा अटोमोबाइल्सका सबै श्रृङ्खलाका उत्पादनहरू जस्तैः स्कर्पियो, बलेरो पिकअप, एक्सयूभी ५००, टीयूभी ३००, केयूभी १००, थार आदि र युवराज २१५, जिभो २४५, २७५ एनबीपी, ५७५ एनएसटी, युभो र नोभो आदि ट्र्याक्टरहरूमा बिक्री (सेल्स), सेवा (सर्भिस) र स्पेयर पार्टस् उपलब्ध गराउनमा समर्पित हुनेछ र साथसाथै यसका ग्राहकहरूलाई बिक्री तथा सेवा पनि उपलब्ध गराउने छ ।

# ९० करोडको शेयर कारोबार

**काठमाडौं/मस–** पुस मसान्तमा घटेको शेयर कारोवार मापक नेप्से परिसूचक माघको पहिलो दिन २० अङ्कले बढेको छ । नेपाल स्टक एक्सचेन्जका अनुसार बुधबार नेप्से परिसूचक २०.८५ अङ्कले बढेर एक हजार २८४.२३ मा पुगेको छ । यस्तै सेन्सेटिभ परिसूचक ४.६८ अङ्कले बढेर २७८.९७ मा पुगेको छ । परिसूचक २० अङ्कले बढ्दा कारोवार रकम भने ९० करोडमा समेटिएको छ । स्टकका अनुसार बुधबार कूल १७७ कम्पनीका ३० लाख ५५ हजार २३३ कित्ता शेयर रु ९० करोड ४८ लाख १३ हजार ९३२ मा खरीदबिक्री भयो ।

कारोवार भएका कूल १२ मध्ये तीन उपसमूहको शेयर ओरालो लागेको छ । होटल ३.५४ अङ्कले घट्दा उत्पादन १६.०६ र अन्य उपसमूहको शेयर ०.८४ अङ्कले गिरावट भएको छ । बैंकिङ २७.१६, व्यापार ६३.४७, विकास बैंक ३५.४२, जलविद्युत् ४.२९, फाइनान्स २०.१२, निर्जीवन जीवन बीमा २३.६३, माइक्रोफाइनान्स २७.२, जीवन बीमा ८१.०७ र सामूहिक लगानी कोष ०.०६ अङ्कले बढेका छन् ।

बुधबार सबैभन्दा बढी एनआइसी एसिया बैंकको शेयर कारोवार भयो । सो बैंकको शेयर रु सात करोड ४० लाख ७४ हजार ७७० मा खरीद बिक्री भयो । यस्तै एनएमबी बैंकको रु तीन करोड १८ लाख ८२ हजार ८२०, नेपाल बैंक लिमिटेडको रु दुई करोड ९० लाख ७१ हजार ९५३, नागरिक लगानी कोषको रु दुई करोड ८६ लाख ३१ हजार ६९६, नेपाल लाइफ इन्स्योरेन्स कम्पनीको रु दुई करोड ५८ लाख ६६ हजार ४३८, डिप्रोक्स लघुवित्त वित्तीय संस्थाको रु दुई करोड २८ लाख ९१ हजार ४१८ र एभरेष्ट बैंक लिमिटेडको शेयर रु दुई करोड १७ लाख ७४ हजार १५७ मा खरीद बिक्री भयो । फाइनान्स ९.९२, इन्फिनिटी लघुवित्त वित्तीय संस्था ९.८८, महिला सहयात्रा माइक्रोफाइनान्स वित्तीय संस्था रु ९.८५, पाँचथर पावर कम्पान्ट लिमिटेड ९.७६ तथा पञ्चकन्या माइ हाइड्रोपावर र मञ्जुश्री फाइनान्स लिमिटेडको लगानीकर्ताले सामान ९.४७ प्रतिशतले कमाए ।

स्टकका अनुसार बुधबार रैराङ हाइड्रोपावर डेभलपमेन्टको लगानीकर्ताले सबैभन्दा बढी ७.२७ प्रतिशतले गुमाए । यस्तै सेन्ट्रल फाइनान्स कम्पनी २.७५, शिवम् सिमेन्टस् लिमिटेड २.६५, सानिमा बैंक (ऋणपत्र) २, दिव्यश्वरी हाइड्रोपावर १.८८ र कर्णाली डेभलपमेन्ट बैंक लिमिटेडका शेयरधनीले १.७८ प्रतिशतले गुमाए ।

# उदयपुरको बेलकामा मेगा बैंकको सहयोग

**उदयपुर/मस–** मेगा बैंक नेपाल लिमिटेडले उदयपुरमा बालबालिकाहरुलाई न्यानो कपडा वितरण गरेको छ । संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत मेगा बैंकले नेपाल सामाजिक विकास तथा जन सशक्तिकरण केन्द्रमार्फत उदयपुरको बेलका नगरपालिकाका विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुलाई न्यानो कपडा वितरण गरेको हो ।



बेलकाको सरस्वती आधारभुत विद्यालय एबीसी कोशीटप्पु र बेलका नगरपालिकाकै भालमनटीस्थित सरस्वती आधार भुत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई पूर्वमन्त्री एवं संघीय सांसद डा. नारायण खड्का र मेगा बैंक प्रदेश नम्बर १ का प्रमुख विवेकबन्धु न्यौपानेले न्यानो वितरण गरे । चिसोका कारण विद्यार्थीहरु विद्यालय जान नसक्ने अवस्थाको अन्त्य होस् भन्ने उद्देश्यले न्यानो कपडा वितरण गरिएको मेगा बैंकले जनाएको छ ।

गत साता मात्रै मेगा बैंकले लुम्बिनी क्षेत्रका मुसहर र नेटुवा बस्तीका १५० भन्दा बढी घरधुरीका लगभग २०० बालबालिकालाई ब्याल्याङ्केट वितरण गरेको थियो । मेगा बैंकले संस्थागत सामाजिक उत्तरदायित्व मार्फत विभिन्न सहकार्य एवं सहायताका साथै असहाय तथा विपन्न वर्गका बालिकाहरुको शिक्षाका लागि पनि सहयोग गर्दै आएको छ ।

# नबिल बैंकको शाखा विस्तार

**काठमाडौं/मस–** नबिल बैंक लिमिटेडले थप २३ स्थानमा आफ्ना शाखा सञ्चालनमा ल्याएको छ । देशका विकसित, अर्ध-विकसित तथा ग्रामीण स्थानहरुमा समेत आफ्नो उपस्थितिलाई दरिलो बनाउँदै एवम् अत्यावश्यक वित्तिय सेवाको प्रत्याभुत गराउँदै आएको नबिल बैंकले ५ वटा प्रदेशमा नयाँ शाखा सञ्चालनमा ल्याएको हो ।

नयाँ थपिएका शाआहरुमा प्रदेश १ मा इनरुवा, बिराटचोक, दुहवी, हिले, उर्लाबारी र गाईघाट शाखा तथा प्रदेश २ मा मिर्चैया, गोलबजार, सिरहा र चन्द्रपुर, प्रदेश ३ मा कमलबिनायक, हात्तिगौडा, कपन, गजुरी, बनेपा, पनौती र पर्सा शाखा रहेका छन् । यस्तै, प्रदेश ४ मा गैंडाकोट, दलदले र कावसोती तथा प्रदेश ५ मा चन्द्रौटा, बर्दाघाट र मणिग्राम गरी जम्मा २३ नयाँ शाखा रहेका छन् ।

सन् १९८४ देखि आफ्ना ग्राहकहरुलाई समयअनुकुल सेवा प्रदान गर्दै आएको नबिल बैंकको १०२ शाखा, १४३ एटीएम र १५०० भन्दा बढी नबिल रेमिट एजेन्टहरु छन् । साथसाथै बैंकले देशव्यापी रुपमा र विश्वभर धेरै एजेन्टहरु मार्फत् उच्चस्तरीय सेवा प्रदान गर्दै अघि बढ्ने विश्वास लिएको छ ।

वैदेशिक रोजगारीमा जाँदा स्वीकृत निकाय मार्फत नेपाल सरकारबाट सुचिकृत मुलकहरुमा मात्र जाऔं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

www.madhyanhadaily.com
मध्यान्ह दैनिकको facebook Page
Madhyanha News

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
डि. आर. ट्रेडिङ्ग कन्सर्न

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर नयाँ बसपार्कमा पनि खुलेको यात्रुहरुलाई जानकारी गराईन्छ ।
सम्पर्क : कलंकी : फोन : ४२८१९७२
ग्यालक्सि डिलक्स : लालबन्दी-मलंगवा
९८१३६६६७०० रामहरी

अब जनता बोल्छन्, जनतापाटी सँगै...
जनतापाटी
www.janatapati.com

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**